**खेतीयोग्य जमीनमा बस्ती नबसालौं ।**

- खेतीयोग्य जमीनमा बसोवास नगरौं/नगराऔं,
- हरियाली वातावरणसहितको नमूना बस्तीको विकास गरौं,
- सिंचाइ सुविधामा बाधा नपुग्ने गरी बस्ती बसाऔं,
- गाउँबस्तीलाई नमूना बस्तीमा रूपान्तरण गरौं,
- समृद्ध नेपालको निर्माण गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० जेठ २९ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 June 12 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८२

## आकाशे सिंचाइको आसमा बझियानका खेत सुख्खा

## थरुहटका किसान वैकल्पिक सिंचाइबाट धानको वीउ रोप्दै

धर्मेन्द्र चौरसिया, पोखरिया, २८ जेठ/

पर्सा जिल्लाको गण्डक नहरदेखि उत्तर थरूहट क्षेत्रमा वैकल्पिक सिंचाइबाट धानको बीउ छर्ने काम भइरहेको छ भने नहरको दक्षिणतर्फ बजियानमा सिंचाइ अभावको कारण यहाँका किसानले धानको बीउ छरेका छैनन् ।



बजियान क्षेत्रमा सुक्खा खेत ।

लामो समयदेखि पानी नपर्दा वर्षाको भरमा रहेका बजियानका किसानहरूले बीउ छर्नको लागि खेत सम्याउने कामसम्म गर्न सकेका छैनन् । पानीको अभावमा यहाँका खेतहरू सुक्खा छन् । टच्याक्टर, हलो चलाएर जग्गा सम्याउने काम नभएको स्थानीय किसान श्यामसुन्दर चौहानले बताए। उनले बीउ छरेको २२ दिनपछि रोपाइँ हुने भए पनि यसपटक अहिलेसम्म बीउ छर्न नसकेको गुनासो गरे । उनले बजियान क्षेत्रमा वैकल्पिक सिंचाइको व्यवस्था नभएको कारण किसानहरूले दुःख पाउनुपरेको गुनासो गरे ।

गण्डक नहरमा पानी छैन, वर्षा भएको छैन, स्थानीय पालिकाले वैकल्पिक सिंचाइको व्यवस्था नगरेको कारण किसानहरूले समयमा बीउ छर्न नसकेको र यसको असर रोपाइँ र धान उत्पादनमा हुने बताए। उनले यथावस्थामा यस वर्ष धान खेती र उब्जनी औसत कम हुने बताए । डिप बोरिङ बजियान क्षेत्रमा नगण्य बराबर छ । गण्डक नहर र वर्षाको भरमा यहाँका किसानले बाली सपार्दै आएका छन् । यसपटक मौसम विभागले औसत वर्षा कम हुने पूर्वसूचना दिएपछि यहाँका किसानहरू झनै चिन्तित छन् ।

ओमप्रकाश चौधरी, सेढवा/

नहरदेखि उत्तरतर्फ थरूहट क्षेत्रमा भने सिंचाइको वैकल्पिक व्यवस्था भएको कारण धान खेतीको लागि बीउ छर्ने काम भइरहेको छ ।



थरुहट क्षेत्रमा रोपिएको बीउ । तस्वीरः प्रतीक

यो क्षेत्रमा गण्डक नहरका साथै कुलो, पैनी, डिप बोरिङ आदिबाट सिंचाइ सुविधा भएकोले किसानहरूले १४४४ धान खेती पनि गरेका छन् । यो खेती गरेका किसानहरूले अबको केही दिनमैं पानी परेको खण्डमा धान भित्र्याउन सकिने बताएका छन् ।

अर्काथरी किसान चैते धान भित्र्याएर भदैया धान रोपाइँको तयारीमा छन् । बीउ छरेका किसानहरू पानी परेलगत्तै धान रोपाइँ गर्ने तयारीमा रहेको देखिन्छन्। भदैया धान अन्तर्गत सोना सारो, मनी मन्सुरी, हाइब्रिड र कात्तिक मङ्सिरमा भित्र्याउने गरी सोना मन्सुलीको बीउ पनि छरेका छन् ।

बीउ रोपेका किसानहरूलाई पानी नपर्दा समस्या भएको छ । अहिले अधिकांश ठाउँमा दमकल चलाएर बीउ जोगाइरहेका छन्। थरूहट क्षेत्र अन्तर्गत ठोरी गापामा भने सिंचाइको समस्या छ। त्यहाँ मुहान सुकेको कारण पानीको समस्या छ र बीउ छर्न सकिएको छैन ।

## नाला सफा गर्दा १०२ थान गोली भेटियो





तस्वीरः नितेश कर्ण

प्रस, वीरगंज, २८ जेठ/

वीरगंज महानगरपालिका–६ को मुख्य नाला सफाइ गर्ने क्रममा आइतवार बिहान १०२ थान गोली बरामद भएको छ ।

महानगरपालिकाका कर्मचारीहरूले एक्साभेटरद्वारा नाला सफाइ गर्ने क्रममा प्लास्टिकको झोलामा १०२ थान गोली भेटिएको सरसफाइ शाखा प्रमुख सर्फुद्दीन मियाँले बताए । वडाध्यक्ष जयप्रकाश साहले नाला सफाइको क्रममा एउटा एक्साभेटर फसेको र अर्को एक्साभेटर मगाएर फसेको एक्साभेटर निकाल्ने क्रममा प्लास्टिकको झोला भेटिएको र सोबाट १०२ थान गोली बरामद भएको बताए । उनले घटनास्थलबाट बरामद गोली जनयुद्धकालीन, मधेस आन्दोलनताका वा व्यक्तिविशेषले घरमा राखेको र समातिने भयले नालामा फालेको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ ।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरीक्षक कोमल शाहले नाला सफाइ गर्ने क्रममा एसएलआरको ४ राउन्ड, ९ एमएमको ३२ राउन्ड, ३८ बोरको २४ राउन्ड, फेडरलको ८ राउन्ड, विन्चेस्टरको पाँच राउन्ड, सात एमएमको तीन राउन्ड, बिग्रेको खोका चार राउन्ड गरी १०२ थान गोली भेटिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ । यीसहित अन्य विभिन्न बन्दूकमा प्रयोग हुने कुल १०२ राउन्ड गोली फेला परेको उनले बताए। भेटिएको गोलीमध्ये चारवटा गोली बिग्रेको उनले बताए ।

गोलीबारे अनुसन्धान भइरहेको प्रउ शाहले बताएका छन् ।

## बहुअरी स्कूलको कक्षा धर्मशालामा, बल्ल शिलान्यास



तस्वीरः प्रतीक

प्रस, परवानीपुर, २८ जेठ/

बारा, परवानीपुर गाउँपालिका–५ मा श्री नेराआवि बहुअरीको नयाँ भवन निर्माणको लागि काम शुरू भएको छ।

विद्यालयको पुरानो जग्गाहरू निकालेर भवन निर्माणको काम शुरू भएको हो । चालू आवमा गापाको ४५ लाख लागतमा चार कोठे विद्यालय भवन शिलान्यास गरिएको छ। शुक्रवार गापा अध्यक्ष रामक्षत्रीप्रसाद कुर्मी एवं बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले संयुक्तरूपमा विद्यालय भवनको शिलान्यास गरेको वडाध्यक्ष रामेश्वर कलवारले जानकारी गराए ।

कार्यक्रममा गापा उपाध्यक्ष सुगान्धीदेवी कनुइन एवं बहुअरीका विभिन्न राजनीतिक दलका अगुवा एवं भद्रभलाद्मीहरू हर्षित मुद्रामा देखिए । कारण थियो – विद्यालय भवन निर्माणको बाटो खुल्नु र विद्यालय भवन निर्माण कार्य शुरू हुनु। यस अघि गाउँमा विवाद भएपछि चार कोठे भवनको काम ठप्प भएको थियो । एक वर्ष अगाडि जीर्ण भइसकेको पुरानो विद्यालय भवन भत्काएर उपभोक्ता समितिमार्फत विद्यालय भवन निर्माण गर्न खोज्दा राजनीतिक दलहरूबीच जग्गाको स्वामित्वको विषयमा विवाद सिर्जना भएको थियो ।

गाउँलेले विद्यालयको चार किल्ला छुट्याएर त्यसपछि टेन्डरमार्फत भवन निर्माणको कार्य हुनुपर्ने अडान लिएका थिए । गापाको बजेटबाट चालू आवमा भवनको शिलान्यास भएको र पटेल कन्स्ट्रक्शन फेटा गापा–१ बाराले काम गर्नुपर्ने सम्झौता भएको छ ।

भवन निर्माणको काम छ महीनाभित्र सम्पन्न गराउने लक्ष्य राखिएको छ । २०२१ सालमा स्थापना भएको सो विद्यालयमा अहिले भौतिक पूर्वाधार र अन्य सुविधा नहुँदा जम्मा ८६ जना बालबालिका अध्ययनरत छन् भने सातजना शिक्षक रहेका छन् ।

## रेल दुर्घटनामा ज्यान गुमाएका अमरजितलाई भारु १० लाख क्षतिपूर्ति

प्रस, परवानीपुर, २८ जेठ/

गत साता भारतको उडिसा राज्यको बालासोरमा भएको रेल दुर्घटनामा परी मृत्यु भएका पर्सा, छिपहरमाई गाउँपालिका–५ भिस्वा बस्ने २१ वर्षीय अमरजित पासवानको परिवारलाई भारत सरकारले भारु १० लाख क्षतिपूर्ति दिएको छ ।

भारत सरकारले शवसँगै अमरजितको परिवारजनको नाममा भारु १० लाखको चेक पनि दिएर पठाएको मृतक अमरजितका बुबा प्रभात रामले बताए। अमरजित यस अघि काठमाडौंमा बढई मिस्त्री (सिकर्मी)को काम गर्दै आएका थिए। उनका दाइ चेन्नईमा काम गरिरहकाले उनीसँगै काम गर्न आफ्नो भिनाजु र भान्जाहरूसँगै उनी चेन्नई गइरहेका थिए ।

भारत, बिहार पश्चिमी चम्पारण नरकटियागंजको मझरिया बस्ने भिनाजु शत्रुघ्न महतो, निजका छोरा बजरङ्गी पासवान एवं अमरजितका अर्का भान्जा पकाहामैनपुर गापा बस्ने रामानन्द पासवान गरी चारजना रेल यात्रा गरिरहेको अवस्थामा रामानन्दबाहेक तीनजनाको निधन भइसकेको र शव ल्याएर अन्त्येष्टि भइसकेको पीडित परिवारले बताएको छ। बालासोरस्थित एम्स हस्पिटलमा रामानन्दको उपचार भइरहेको छ। उनको अवस्था चिन्ताजनक रहेको बताइएको छ ।



अमरजित पासवानका परिवारजन । तस्वीरः प्रतीक

नेपालमा बेरोजगारी भएर भारत गएर काम गर्नुपरेको र कमाउन गएको अवस्थामा दुर्घटनामा परी अमरजितले ज्यान गुमाउँदा बाकसमा शव ल्याउनुपरेको परिवारजनको दुःखेसो छ।

परिवारजनले स्थानीय सरकार र जनप्रतिनिधिहरूले आफूहरूको दुःखमा मलम लगाउन नआएको दुःखेसो पोखेका छन् ।

## ब्लोदानको बैठक, रक्तदाता दिवस मनाउने निर्णय

प्रस, वीरगंज, २८ जेठ/

ब्लड डोनर्स एसोसिएशन, पर्साको आइतवार सम्पन्न बैठकले जेठ ३१ गते विश्व रक्तदाता दिवस मनाउने निर्णय गरेको छ ।

एसोसिएशनका अध्यक्ष शत्रुघ्न नेपालको अध्यक्षतामा बसेको बैठकले जेठ ३१ गते जून १४ तारिख विश्व रक्तदाता दिवस विभिन्न कार्यक्रम गरी मनाउने निर्णय गरेको छ ।

दिवसको अवसरमा २०७९ वैशाखदेखि चैतसम्म सय पिन्टभन्दा बढी रक्तदान गर्ने सङ्घसंस्था, सो वर्ष दुईपटक वा सोभन्दा बढी रक्तदान कार्यक्रम गर्ने सङ्घसंस्था, वर्षमा चारपटक रक्तदान गर्ने व्यक्ति, आकस्मिक रक्तदाता, आकस्मिक दुर्लभ रक्तदाता, रक्तदान कार्यक्रमका सहयोगीहरूलाई सम्मान गरिने निर्णय भएको सचिव अरविन्द



तस्वीरः प्रतीक

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

**कुनै पनि सडक सोझो हुँदैन । केही समयपछि घुम्ति आउँछ नै । जीवन पनि सडकजस्तै हो, धैर्य राखेर हिंड्दै गरैं, सुखद घुम्ति आवश्य नै आउँछ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# यो कस्तो अनुदान ?

**एकसेएक गज्जबको कारनामा नेपालमा देख्न पाइन्छ । भर्खरै, आर्थिक वर्ष सिद्धिन एक महीनाजति बाँकी छँदा, मधेस प्रदेश सरकारले पर्सा जिल्लामा रु ६७ करोड अनुदान रकम पठाएको छ । प्रदेशले आफू अन्तर्गतका पालिकाहरूको उन्नति र विकासका लागि रकम पठाउनु आश्चर्यको कुरा होइन, आश्चर्यको कुरा त के हो भने यो रकम त्यति बेला पठाइयो जब रकम खर्च गर्न समय नै छैन। केही पालिकाहरूले कम समयमा पूरा गर्न सकिने खासखास योजनाहरू बनाएर राखेको भए कुन्नि, नभए प्राय:ले रकम खर्च गर्न सक्ने छैनन्। तर पाएको रकम फिर्ता हुने अवस्था आउन दिन पनि कोही चाहँदैन । जसरी पनि रकम सिध्याउने ध्याउन्नमा सबै लाग्छन्। अनि शुरू हुन्छ अनियमितताको जालो । यसैलाई कालान्तरमा 'असारे विकास' भनिन्छ । असारे विकासको अर्थ हो, आर्थिक वर्ष समाप्त हुने बेला प्राप्त अनुदान सिध्याउन गरिने विकास। कुनै पनि विकास कामका लागि योजना तर्जुमा, लगत–इस्टिमेट, वातावरणीय मूल्याङ्कन, ठेक्का बन्दोबस्त, कामको अनुगमन, गुणस्तरीयता कायम हुन समय लाग्छ । यी काम शुरू गर्न जतिसुकै इमानदारी, विधिपालन गर्दा पनि कम्तिमा डेढ महीना त लाग्छ नै । हुनत यो रकम प्रदेशले दया लागेर पालिकाहरूलाई दिएको होइन । पालिकाहरूको माग र शुरू असारमा आफैंले बनाएको बजेटबाट दिने हो । अनि किन यति विलम्ब ?**

**यो सार्वजनिक सरोकारको विषयमा हामीबाट हुने ठूलो विडम्बना हो । कुरा प्रदेशको मात्र होइन, अस्ति भर्खर सांसद केएल देवकोटाले संसद्मा बजेट विषयक छलफलमा केन्द्रीय अर्थमन्त्रीले लामा–लामा पक्की सडक बनाउन एक ठाउँ–दुई ठाउँ होइन, अनेकौं ठाउँमा रु पाँच लाखका दरले बजेट आवन्टित गरेको कुरा उठाएका थिए । आज एक किलोमिटर पक्की बाटो बनाउन कम्तिमा रु १० करोड खर्च हुन्छ । तर केन्द्रीय बजेटमा त्यसका लागि रु पाँच लाख निकास दिइन्छ भने त्यो 'बाटो बना भनेर दिएको हो कि जे गर्न मन लाग्छ गर, नसके खा' भनेर दिएको हो ? यस्ता हास्यास्पद बजेट ती मानिसहरूले बनाएका हुन् जो अन्तर्राष्ट्रिय स्तरका अर्थविज्ञ हुन् । अनि नागरिकले के सोच्ने ? नजानेर हुन गएको भन्ने कि जानाजान नेपाली नागरिक र तल्ला जनप्रतिनिधिहरू नालायक छन्, जे गरे पनि हुन्छ भन्ने हेपाहा नीति अन्तर्गत यस्तो भएको हो ? मज्जको दोस्रो कुरा के छ भने यी यावत् परिभ्राटको ज्ञान भएर पनि अनुदान लिनेले लिन्छ नै । सामान्य मानिसले हुनै सक्दैन भनेको काम पनि हुन्छ नै । किनकि काम 'असारे विकास' हो ।**

**असारे विकास पहिले माटो भर्नेसम्म सीमित थियो । सडक बनाउन माटो पुर्ने, बाँध बनाउन माटो भर्ने र यस्तै कामका लागि बजेट निकासा हुन्थ्यो । माटो भर्दाभर्दै वर्षा लाग्थ्यो, बिल बन्थ्यो, भुक्तानी हुन्थ्यो । वर्षापछि माटो भरेको ठाउँ हेर्न जाँदा केही हुँदैनथ्यो । ठेकेदार, काम लगाउने निकाय, प्राविधिक सबैको एउटै जवाफ हुन्थ्यो–पानीले बगायो । आज बजेट सिध्याउन, यद्यपि त्यो ट्रिक प्रयोग गरिंदैन, किनकि लाटोसोझो नागरिकले पनि पत्याउँदैन । तर असारे विकासको बजेट पानीले बगाउने प्रवृत्ति भने आजसम्म कायम छ । आजको असारे विकासलाई बगाउने पानी त हाम्रो मनको भ्रष्ट प्रवृत्ति हो । पैसा खर्च नगरौं फिर्ता हुन्छ । गरौं त कहाँ गरौं, अनि असारे विकास गर्ने प्रवृत्ति सलबलाउन थाल्छ । मनीषीहरूले ज्योतिले ज्योति जगाउँछ भन्थे नेपालमा भने भ्रष्टले भ्रष्ट जन्माइरहेको छ ।**

# गजेन्द्रवादविनाको मधेसी राजनीति

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**गजेन्द्रबाबूको निधनपश्चात् मधेसको नाममा नयाँ–नयाँ दलहरू खुल्ने काम भयो । ती सबै जातिवाद, परिवारवाद र भ्रष्टाचारमैं लिप्त भए । गजेन्द्रबाबू लोकतन्त्रवादी थिए । उनले सबैखाले समस्याको समाधान शान्तिपूर्ण एवं अहिंसक आन्दोलनमार्फत नै खोजेका थिए ।**

गाउँ, समाज एवं राष्ट्रका निम्ति आफ्नो जीवन तथा सर्वस्व समर्पित गर्ने वीर सपूतहरू मरेर गए पनि समय–समयमा तिनको नाम श्रद्धा एवं आदरका साथ स्मरण गरिन्छ। नेपाली राजनीतिक क्षितिजमा जाज्वल्यमान एक यस्तै ताराका रूपमा गजेन्द्रनारायण सिंहलाई स्मरण गर्न सकिन्छ । २२ वर्ष अघि उनको निधन हुँदा देशको राष्ट्रिय राजनीतिमा अशान्ति, असुरक्षा एवं अस्थिरताको वातावरण थियो तर उनी जस्ता नेताहरूकै निरन्तर त्याग एवं समर्पणका कारण देश अग्रगमनको बाटोमा लम्किरहेको छ । इमानदारी, त्याग, समर्पण, सहिष्णुता एवं लोकतन्त्रको उच्च आदर्शलाई आत्मसात् गर्दै देशमा सामाजिक न्याय स्थापनाका निम्ति उनले चलाएको अहिंसक एवं शान्तिपूर्ण आन्दोलनका कारण नै उनले चर्चामा ल्याएको सङ्घीयता, समावेशिता (आरक्षण) तथा सामाजिक न्यायलगायत क्षेत्रमा उल्लेखनीय काम भएको छ । उनी मरेर गए पनि देशको राष्ट्रिय राजनीति अहिले पनि उनले उठाएका राजनीतिक मुद्दाकै वरिपरि केन्द्रित छ भन्दा अतिशयोक्ति नहोला । नेपाल सद्भावना पार्टीका संस्थापक अध्यक्ष र कुशल सामाजिक अभियन्ता गजेन्द्रनारायण सिंहको राजनीतिक यात्रालाई तीन चरणमा विभाजित गर्न सकिन्छ । पहिलो एउटा युवा, विद्रोही एवं कुशल सङ्गठनकर्ता, दोस्रो जेलयात्रा र निर्वाचनका कठिन समय तथा तेस्रोमा सद्भावना आन्दोलनको नेतृत्वदायी भूमिका ।

सप्तरी जिल्लाको एक उच्च मध्यम वर्गीय जमीनदार परिवारमा जन्मेका गजेन्द्रनारायण सिंहले लोकतन्त्र, सामाजिक न्याय तथा समानताको निम्ति आफ्नो सम्पूर्ण जीवन समर्पण गरेका थिए। विद्यालयस्तरको अध्ययनका बखत नै दक्षिणी छिमेकी भारतमा जारी स्वाधीनता आन्दोलन तथा स्वयं आफ्नो देशमा जारी राणा विरोधी आन्दोलनको गहिरो प्रभाव उनको मन–मस्तिष्कमा परेको थियो । त्यति बेलाका भारतका चर्चित नेताहरू महात्मा गाँधी, पण्डित जवाहरलाल नेहरू, डा राममनोहर लोहिया, जयप्रकाश नारायण र आचार्य नरेन्द्रदेवबाट र राणाविरोधी आन्दोलनमा सहभागी विपी कोइराला, सुवर्ण शम्शेर, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईहरूबाट पनि उनी निकै प्रभावित थिए । नेपाली नेताहरूकै प्रेरणामा उनी पनि राणाविरोधी आन्दोलनमा होमिए। नेपाली काङ्ग्रेस सप्तरीको जिल्ला अध्यक्ष भएर काम गरेका उनले आफ्नो जीवनको अधिकांश समय नेपाली काङ्ग्रेसमैं बिताए। नेपाली काङ्ग्रेसमा रहँदा हतियार उठाउनेदेखि जेलनेलको कठोर यातना एवं निर्वासनसमेत भोगे। उनी जेलमैं छँदा उनको आमाको निधन भएको थियो। जेलमा हुँदा उनले आफ्नो एकमात्र छोराको निधनको समाचार सुन्नुपर्‍यो। सन्तानविहीन भएर नै उनले बाँच्नुपरेको थियो । नेपाली काङ्ग्रेसमा हुँदा उनी सुवर्ण शम्शेरबाट बढी प्रभावित थिए । सुवर्ण शम्शेरको निधनपश्चात् नेपाली काङ्ग्रेसकै नेता भद्रकाली मिश्रसित मिलेर उनले पूर्वाञ्चल काङ्ग्रेस स्थापना गरे । २०३६ सालमा भएको जनमत सङ्ग्रहको घोषणामा उनी बहुदलीय संसदीय व्यवस्थाको पक्षमा खुलेर लागे तर त्यस निर्वाचनमा पञ्चायती व्यवस्थाकै पक्षमा अभिमत भएको हुँदा निर्वाचनमार्फत जनताका समस्या समाधान गर्ने रणनीति बनाए तर उनले पराजय भोग्नुपरेको थियो ।

विसं २०४० सालमा तत्कालीन पञ्चायती सरकारले जनसङ्ख्याविद् प्राडा हर्कबहादुर गुरुङको संयोजकत्वमा आन्तरिक बसाइसराइ र जनसङ्ख्या सम्बन्धी प्रतिवेदन पेश गर्न एउटा आयोग गठन गरेपछि गजेन्द्रबाबू यसको विरोधमा उभिए। पर्साका रामजनम तिवारीलाई संयोजक बनाएर उनले नेपाल सद्भावना परिषद् गठन गरे। यस संस्थाले तत्कालीन राजा श्री ५ वीरेन्द्रसमक्ष जनसङ्ख्या सम्बन्धी प्रतिवेदन लागू नगर्न बिन्तिपत्र जाहेर गरेको थियो । परिषद्का कार्यकर्ताहरूले काठमाडौंसहित तराईका विभिन्न जिल्लामा यस प्रतिवेदनको विरोधमा प्रदर्शन गरेका थिए । दर्जनौं कार्यकर्ता पक्राउ परेका थिए। अन्ततः त्यो प्रतिवेदन कार्यान्वयनमा आएन तर नेपाल सद्भावना परिषद् नामक सङ्गठनलाई भने समाप्त गरिएन ।

विसं २०४३ सालमा भएको राष्ट्रिय पञ्चायत (तत्कालीन संसद्)को निर्वाचनमा अत्यधिक मतसहित गजेन्द्रबाबू सप्तरीबाट निर्वाचित भए तर पञ्चायती शासनले उनीमाथि कहिल्यै पत्यार गरेन । उनीमाथि लोकतन्त्रवादी र व्यवस्था विरोधी आरोप लागिरह्यो। पञ्चायती शासनमा पनि उनले नागरिकता समस्याको समाधान, सबै भाषा एवं संस्कतिलाई मान्यता, जागीरमा आरक्षण र शाही सेना (नेपाली सेना)मा १० हजार मधेसी युवाको समूहगत प्रवेशको वकालत गर्ने गर्दथे । विसं. २०४६ सालमा पञ्चायतविरोधी तथा बहुदलीय व्यवस्थाको पुनः स्थापनाको लागि भएको आन्दोलनमा आफ्ना समर्थक र कार्यकर्ताहरूलाई सक्रिय भएर लाग्न प्रेरित गरे । आखिर तीन दशक लामो निर्दलीय शासन व्यवस्थाको अन्त्य पनि भयो । नेपाली काङ्ग्रेस र वामपन्थी दलहरूको साझा आन्दोलनको फलस्वरूप पञ्चायती व्यवस्था हटेको थियो। देशमा बहुदलीय संसदीय व्यवस्था पुनर्स्थापना हुनु नेपाली राजनीतिको महत्त्वपूर्ण अध्याय थियो । देशमा बहुदलीय व्यवस्थाको पुनः स्थापनापश्चात् गजेन्द्रनारायण सिंहले आफ्नै नेतृत्वमा त्यही नेपाल सद्भावना परिषद्लाई नेपाल सद्भावना पार्टीमा रूपान्तरित गरे ।

उनले स्थापना गरेको नेपाल सद्भावना पार्टीले देशको तत्कालीन सामाजिक, राजनीतिक एवं आर्थिक समस्यालाई सम्बोधन गर्नेगरी विभिन्न १० वटा माग अघि सारेको थियो । नागरिकता समस्यालाई उनले पहिलो राजनीतिक मुद्दा बनाएका थिए। २०३६ सालको जनमत सङ्ग्रहको मतदाता सूचीमा नाम भएका तथा वर्षौंदेखि नेपालमा घर बनाई बसोवास गरिरहेका सबै बालिग नेपालीलाई सहज एवं सरल रूपमा नागरिकताको प्रमाणपत्र प्रदान गरी सधैंको निम्ति यस समस्याको समाधान भएको हेर्न चाहन्थे । आखिर विभिन्न कानूनी र संवैधानिक अभ्यासपश्चात् २०६३ साल माघ १ गतेदेखि प्रत्येक नेपालीलाई तिनको गाविसमैं पुगी नागरिकता प्रमाणपत्र वितरण गर्ने काम भयो । करीब २८ लाखले (साढे २३ लाख जतिले वंशज) नागरिकता प्रमाणपत्र पनि हासिल गरे । अहिले पनि केही समस्या छ तर यसको पनि समाधान सहजरूपमा हुने निश्चित छ। नागरिकता समस्याको समाधान हुनु गजेन्द्रबाबूको एउटा ठूलो सपना साकार हुनु हो ।

देशलाई सङ्घीय ढाँचामा लैजाने उनको दोस्रो माग थियो। उनी भौगोलिक, सामाजिक एवं सांस्कृतिक एकरूपताको आधारमा पूर्वी पहाड, पूर्वी तराई, काठमाडौं उपत्यका, पश्चिमी पहाड र पश्चिमी तराई गरी ५ प्रादेशिक एकाइसहितको प्रादेशिक संरचना हेर्न चाहेका थिए । देशमा अहिले सातवटा प्रादेशिक एकाइ छन् र मधेस प्रदेशमा लगातार दोस्रोपटक मधेसी दलकै नेतृत्वमा सरकार गठन पनि भएको छ । देश सङ्घीय ढाँचामा जानु गजेन्द्रबाबूको दोस्रो ठूलो राजनीतिक मुद्दाको समाधान हुनु हो। तर उनले देशमा ५ प्रदेशको कल्पना मात्रै गरेका थिए ।

उनले जागीरमा आरक्षण (समानुपातिक समावेशिता)को विषयलाई उठाएका थिए । जनान्दोलन–२ को सफलतापश्चात् त्यो पनि लागू गर्ने काम भइरहेको छ। जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र गठनसम्बन्धी गजेन्द्रबाबूको पार्टीले उठाएको चौथो ठूलो माग पूरा भइसकेको छ। नेपाली सेनामा मधेसीको प्रवेशका लागि एउटा गुल्म गठन भएको छ र आवश्यक प्रक्रिया पूरा गरेर मधेसी युवाहरू पनि सेनामा भर्ना भइरहेका छन्। छठ, होली, इद, बकरीदलगायत पर्वहरूमा सार्वजनिक बिदा दिने काम भइरहेको छ भने मातृभाषामा प्राथमिकता शिक्षा लागू गर्ने दिशामा पनि ठोस एवं सार्थक पहल भएको छ । एक किसिमले भन्नुपर्दा गजेन्द्रनारायण सिंहले उठाएका प्रायः सबै राजनीतिक मुद्दाको समाधान देशका सबै राजनीतिक दलहरूको सहयोग, समर्थन एवं सद्भावनाबाट भएको छ । यसमा कुनै एक दल मात्र योगदान छैन । तर जनप्रतिनिधि र राजनीतिक दलका नेताहरूमा इमानदारिता, सिद्धान्तनिष्ठ राजनीति, व्यापक सोच, राष्ट्रप्रेम, समभाव भएन भने सङ्घीयता आए, नआएको कुनै अर्थ हुँदैन। अहिले चारैतिर सङ्घीयताको औचित्यमाथि प्रश्न उठाउने काम भइरहेको छ। यसको औचित्यबारे बोल्न कुनै मधेसी दल तयार छैन ।

गजेन्द्रबाबूको निधनपश्चात् मधेसको नाममा नयाँ–नयाँ दलहरू खुल्ने काम भयो। ती सबै जातिवाद, परिवारवाद र भ्रष्टाचारमैं लिप्त भए । गजेन्द्रबाबू लोकतन्त्रवादी थिए । उनले सबैखाले समस्याको समाधान शान्तिपूर्ण एवं अहिंसक आन्दोलनमार्फत नै खोजेका थिए। उनले प्रतीकात्मक राजनीतिमा विश्वास गरेनन्। आफूलाई अख्तियारले बयान लिन बोलाएमा पदबाट राजीनामा गरेर जाने तर मन्त्रीको झन्डा हल्लाउँदै नजाने भनेका थिए। तर अहिले त मन्त्री, मुख्यमन्त्रीहरू सूर्यास्तपछि कालो शीशा लगाएको गाडीमा चढेर बयान दिने घटना सामान्य भइसकेको छ। मधेसवादी दलका दर्जनौं पूर्व र वर्तमान मन्त्रीहरू अख्तियारको तारिख बोकिरहेका छन् । नेपालको संविधान २०७२ को निर्माणमा मधेसी दलको भूमिका थिएन । उनीहरू संविधान निर्माण गर्ने शैलीका विरोधी थिए तर संविधान जारी भएपछि चुनावमा भने भाग लिए। त्यही संरचना अन्तर्गतको प्रदेशसभा निर्वाचनमा भाग पनि लिए। अहिले त्यसको लाभ लिइ नै रहेका छन्। मधेसी दल अहिले मुद्दाविहीन छन्। देशको आर्थिक, सामाजिक, विदेश नीतिबारे खासै भिजन रहेको पाइँदैन । केवल सत्ता राजनीति मात्रै अन्तिम लक्ष्य रहन गएको छ ।

# मनसुन भित्रिने अनुकूल वातावरण बन्दै

काठमाडौं, २८ जेठ/रासस

पछिल्लो डेढसाता मुलुकका धेरै स्थानमा अधिकतम तापक्रमले नयाँ कीर्तिमान राख्दा बढेको अत्यधिक गर्मीका कारण जनजीवन अस्तव्यस्त भएको थियो। गर्मीका कारण तराई–मधेसमा कृषिदेखि आममानिसको जनजीवन अस्तव्यस्त हुँदा संसद्देखि सामाजिक सञ्जालसम्म विभिन्न प्रतिक्रिया र आवाज उठेका थिए । सबैको एउटै जिज्ञासा थियो गर्मी कहिलेदेखि कम हुन्छ। अब केही दिनभित्रै नेपालमा मनसुन प्रवेश गर्दैछ ।

नेपालमा मनसुन भित्रिने समय (जेठ ३०) नजीक पुग्दा त्यसका लागि अनुकूल वातावरण बनेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। पछिल्लो ३० वर्षको मौसमी विश्लेषण अनुसार नेपालमा मनसुन भित्रिने समय जेठ ३० गते र बाहिरिने असोज १५ गते रहेको देखिन्छ । यस वर्षको मनसुन भित्रिने पूर्वसन्ध्यामा पश्चिमी वायुका साथै बङ्गालको खाडीको जलवाष्पयुक्त हावा र बिहार आसपास भएको न्यून चापीय क्षेत्रको आंशिक प्रभाव परेको देखिएको छ । यसले निर्धारित समयकै आसपास नेपालमा मनसुन भित्रिन्छ भन्ने सम्भावना बढेको महाशाखाका मौसमविद् रोजन लामिछानेले बताए ।

उनले भने–"शनिवारदेखि नै कोशी प्रदेशमा तापक्रम घटिरहेको छ, बादल बनिरहेको छ र मनसुनका लागि आवश्यक अनुकूल वातावरण बन्दै गएको देखिन्छ ।" आज कोशी प्रदेशलगायत देशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भूभागमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहेको छ ।

साथै कोशी प्रदेशका पहाडी भूभागका एक–दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको उनले बताए। देशभर वृद्धि भएको अधिकतम तापक्रम आजदेखि कम हुँदै जाने र पश्चिम तराई क्षेत्रमा बढेको तापक्रम केही दिन स्थिर रहने महाशाखाको भनाइ छ ।

यस वर्षको मनसुन समयमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने सम्भावना रहेको छ। ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गत जल तथा मौसम विज्ञान विभागले आज यहाँ एक कार्यक्रमको आयोजना गरी यस वर्षको मनसुन समय (जेठ १८ देखि असोज १३ गते) को हावापानी आकलन प्रक्षेपण गरेको हो ।

विभागले सन् २०१३ देखि हरेक वर्ष मनसुनको समय शुरू हुनुपूर्व 'राष्ट्रिय मनसुन फोरम' आयोजना गरी मनसुन समयको हावापानी आकलन सरोकारवालालाई प्रवाह गर्दै आइरहेको छ ।

यसै सिलसिलामा विभागले आज सिंचाइमन्त्री शक्तिबहादुर बस्नेतको प्रमुख आतिथ्यमा 'राष्ट्रिय मनसुन फोरम' आयोजना गरी मनसुन समयको वर्षा तथा तापक्रमको आकलनको जानकारी गराएको छ ।

आगामी मनसुन समयमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत रहेको छ। कोशी प्रदेशका मध्य तथा उत्तरपूर्वी भूभाग, बागमती प्रदेशका दक्षिण–पूर्वी

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# स्वचालित प्रणालीमार्फत पूर्व र अन्तिम श्रम स्वीकृति प्रदान हुने

काठमाडौं, २८ जेठ/रासस

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आगामी साउन १ गतेदेखि स्वचालित प्रणालीमार्फत पूर्व र अन्तिम श्रम स्वीकृति प्रदान गर्ने भएको छ ।

म्यानपावर कम्पनीले आफ्नै कम्पनीमा बसेर वैदेशिक रोजगारमा जाने श्रमिकको सूचना अनलाइनमा राख्न सक्ने र सूचना राखेपछि स्वतः श्रम स्वीकृति प्रदान हुने व्यवस्था गर्ने निर्णय भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालले जानकारी दिए । उनका अनुसार यो व्यवस्था कार्यान्वयनमा आएपछि पूर्व र अन्तिम श्रम स्वीकृतिका लागि फाइल बोकेर म्यानपावर कम्पनी श्रम तथा रोजगार कार्यालयमा धाउने अवस्थाको अन्त्य हुनेछ ।

मन्त्रालयले अहिलेको अनलाइन प्रणालीलाई परिमार्जन गर्दै पूर्व र अन्तिम श्रम स्वीकृतिसम्बन्धी सबै काम स्वचालित प्रणालीबाटै हुने व्यवस्था गरेको हो । वैदेशिक रोजगार व्यवसायीले गलत कागजात पेश गरी प्रविष्ट गरेमा वैदेशिक रोजगार ऐन, २०६४ र नियमावली २०६४ बमोजिम कम्पनी खारेजीसम्मको सजाय हुने गरी निर्णय गरिएको जनाएको छ ।

यसैगरी अबदेखि श्रम स्वीकृतिका लागि आएका आवेदनको विवरण प्रमाणीकरण र अनुगमनको काम पनि अधिकृत तहका कर्मचारीले गर्नेगरी व्यवस्था गरिएको पनि श्रम सचिव अर्यालले जानकारी दिए । यस अघि 'फेमिस सिस्टम'मार्फत दिएका आवेदन विभिन्न तहमा कर्मचारीले प्रमाणित गर्ने हुँदा काम ढिलो हुने गर्दथ्यो ।

पछिल्लो समय सबैखाले श्रम स्वीकृति अनलाइनमार्फत नै प्रदान हुन थालेपछि अब भने कुनै पनि कामका लागि कार्यालयमा गएर लाइन बस्नुपर्दैन । यस अघि श्रम स्वीकृति लिंदा 'बायोमेट्रिक' नभएकोले मात्र पुनःश्रम स्वीकृति लिनका लागि श्रम कार्यालयमा उपस्थित हुनुपर्छ । यस्तो सङ्ख्या एकदमै न्यून हुने र विनाझन्झट सेवा लिन सकिने मन्त्रालयले जनाएको छ ।

वैदेशिक रोजगार ऐन, २०६४ मा भएको वैदेशिक रोजगारमा जाने हरेक कामदारले अनिवार्यरूपमा श्रम स्वीकृति लिनुपर्ने व्यवस्था भएकोमा वैदेशिक रोजगार विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (एफइआइएमएस) मार्फत कामदारले अनलाइन आवेदन गरी श्रम स्वीकृति लिने व्यवस्था छ ।

हाल एफइआइएमएसलाई समायानुकूल परिमार्जन गरी पूर्व/अन्तिम श्रम स्वीकृतिसम्बन्धी कार्य स्वचालित प्रणालीबाटै गरी समयमा नै श्रम स्वीकृति प्रदान गर्ने र कार्यालयमा कार्यरत अधिकृत तहका कर्मचारीलाई एफइआइएमएसको विवरण अनुगमनमा केन्द्रित गर्ने निर्णय मन्त्रालयले गरेको हो ।

वैदेशिक रोजगार विभागको सुरक्षार्थ नेपाल प्रहरीका प्रहरी नायब उपरीक्षक (डिएसपी) को कमान्डमा सुरक्षाकर्मीको टोली खटाइने भएको छ । विभागको सुरक्षार्थ प्रहरी नायब उपरीक्षकसहितको टोली खटाइने विषयमा आवश्यक गृहकार्य तथा छलफल भइरहेको विभागका सूचना अधिकारी गुरुदत्त सुवेदीले जानकारी दिए ।




उनले भने–"विभागको सुरक्षार्थ प्रहरी नायब उपरीक्षक खटाइने विषयमा गृहकार्य र छलफल भइरहेको छ, कहिलेसम्म राखिने यकीन हुन बाँकी छ ।" विभागमा सेवाग्राहीको बढ्दो चाप र हुलहुज्जत हुन थालेपछि विभागले सुरक्षाकर्मी माग गरेको जनाइएको छ । विभागको सुरक्षार्थ प्रहरी नायब उपरीक्षकको कमान्डमा सुरक्षाकर्मीको टोली खटाउने विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निर्णय गरेर गृह मन्त्रालयलाई पठाएको थियो ।

गृह मन्त्रालयले भने हालसम्म कुनै निर्णय नगरेको बताइएको छ । गृह मन्त्रालयबाट लामो समयसम्म पनि कुनै पहल अगाडि नबढेपछि विभागले नै सक्रियता देखाएको जनाइएको छ । दिनदिनै ठगीका घटना बढ्दै जाने र विभागमा आएर अनावश्यक होहल्ला गर्नुका साथै काममा अवरोध सिर्जना हुँदै आएको सूचना अधिकारी सुवेदीले जानकारी दिए । उनका अनुसार हाल विभागमा सादा पोशाकमा प्रहरी खटाइएको छ । वैदेशिक रोजगारमा जाने श्रमिक दिन प्रतिदिन ठगिंदै आएका घटनाका उजूरी विभागमा दिनहुँ बढ्दै गएको विभागले जनाएको छ ।

# पालिकाका प्रशासनिक केन्द्रसम्म कालोपत्र सडक निर्माणको तयारी

काठमाडौं, २८ जेठ/रासस

देशभरका सबै पालिकाका प्रशासनिक केन्द्रसम्म कालोपत्र सडक निर्माणका लागि तयारी अघि बढाइने भएको छ ।

सङ्घीय सरकारले प्रदेश सरकारमार्फत स्थानीय तहको केन्द्रसम्म जोड्ने कालोपत्र सडकको निर्माण गर्न लागेको हो । सरकारले स्थानीयस्तरसम्म सडक विस्तार गरी नागरिकको दैनिक जीवन सजिलो बनाउन पालिका केन्द्रसम्मको सडक निर्माण गर्न लागेको हो ।

पालिका जोड्ने सडक पहिले सङ्घीय सरकारले नै निर्माण गर्ने गरी छलफल भएको थियो । पालिकाका प्रशासनिक केन्द्रसम्मका सडक सङ्घ सरकारले हुँदैन भनेपछि अहिले प्रदेशले गर्ने निर्णय भएको स्थानीय पूर्वाधार विभागका उपमहानिर्देशक अशोककुमार साहले बताए ।

विश्व बैंकसँग ऋण सहयोग लिएर सडक निर्माण अघि बढाउन लागिएको हो । ऋणका लागि अहिले छलफल भइरहेको र सम्झौता भएपछि निर्माणको तयारी हुने उनले बताए । उनले भने–"अर्थ मन्त्रालयबाट सम्झौता भएपछि विभागले समन्वय गर्छ र प्रदेशमार्फत योजना कार्यान्वयनमा जानेछ ।"

कुनकुन पालिकामा सडक सञ्जाल पुग्न बाँकी छन्, कहाँ कालोपत्र र कहाँ कच्ची सडक छ भनी प्रदेश सरकारमार्फत यस अघि नै अध्ययन गरिसकिएको छ । पहिले पहिचान गरिएका योजनाकै आधारमा सडक निर्माण हुने उनको भनाइ छ ।

जिल्लाको केन्द्रबाट पालिका केन्द्रसम्म जोड्न सम्भावित मार्गमध्ये छोटो छानेर निर्माण हुने उनले बताए ।

अझै झन्डै २० पालिकाको केन्द्रमा सडकका लागि ट्र्याक खुल्न बाँकी रहेको विभागले जनाएको छ । यी पालिकासम्म अझै हिंडेर पुग्नुपर्ने अवस्था छ । पालिका जोड्नका लागि २०० किमी सडकको ट्र्याक खोल्नुपर्ने उपमहानिर्देशक साहले जानकारी दिए ।

सडक पुगेर पनि कालोपत्र हुन बाँकीभन्दा सडक नै नपुगेका पालिकालाई प्राथमिकता दिइने उनले बताए । उनले भने–"पहिलो चरणमा सडक नपुगेको ठाउँमा काम हुनेछ, बाँकीमा सडक जोडिएको भए पनि कतै धूले त कतै ग्राभेल सडक रहेकोमा ती सबैलाई कालोपत्र स्तरोन्नति गरिने छ ।"

जग्गा प्राप्तिका लागि मुआब्जा दिने तथा नदिने टुङ्गिएपछि बल्ल ऋणका लागि प्रक्रियामा जाने विभागले जनाएको छ । ऋण स्वीकृत भएर आएपछि निर्माणका लागि पहिले तयारी काम हुने उनले बताए । जग्गा प्राप्ति, वातावरणीय अध्ययन सकिएपछि निर्माणका लागि ठेक्का प्रक्रिया शुरू हुने उनले बताए । उनले भने–"स्थानीय तहले पहिले जग्गा प्राप्त गर्छ, जग्गा उपलब्ध भएपछि नै निर्माणमा अघि जान सक्छ ।"

देशभरका ७७ जिल्लामध्ये एउटा जिल्ला हुम्लाको सदरमुकामसम्म सडक सञ्जाल जोड्न बाँकी रहेको छ । त्यसबाहेक सबै जिल्लाका सदरमुकाममा सडक सञ्जाल जोडिएको छ । सुगम जिल्लाका पालिका केन्द्रसम्म सडक पुगेको छ । दुर्गम जिल्लामा भने सदरमुकामभन्दा टाढाका पालिकामा कतै सडक नै नपुगेको र कतै पुगेको सडकको अवस्था खराब रहेको छ ।



दासढुङ्गा पुलः चितवनको दासढुङ्गा र तनहुँको देवघाट जोड्ने त्रिशुली नदीमाथि बनेको पक्की मोटरेबल पुल ।
तस्वीरः रासस

# होचो स्थानका होचै सपना

–टीकाराम सुनार/चन्दन ठाकुर

जनकपुरधाम, २८ जेठ/रासस

नेपालको सबैभन्दा होचो स्थान धनुषाको मुसहरनिया हो भन्ने हल्ला चलेको धेरै भइसकेको छ । हल्ला चले पनि यहाँ सरकारी तवरबाट न कुनै आधिकारिक घोषणासहित काम हुन सकेको छ, न स्थानीयबीच होचो स्थान भनेर एकमत छ । स्थानीयमध्ये कसैले मुखियापट्टी मुसहरनिया गाउँपालिका–२ भोलाबाबा मन्दिर वरपर करीब साढे तीन बिघा क्षेत्रफलमा त कसैले वडा नं १ को दक्षिणवारी टोल नेपालकै होचो स्थान भएको दाबी गर्छन् तर दाबी गरिएका दुवै ठाउँमा पहिचान झल्किने कुनै प्रमाण भेटिंदैन ।

स्थानीयवासी रामसोभार चनीले वडा नं २ मा होचो स्थान दाबी गरे र भने–"यही ठाउँ हो नापेको । शुरूको चहलपहल हेर्दा अब केही हुन्छ कि जस्तो लागेको थियो, त्यो पनि कता गएर अड्कियो थाहा छैन । न स्थानीय सरकारले केही गर्‍यो न अरू कुनै संस्थाले नै ।"

त्यस्तै वडा नं १ का स्थानीयवासी अशोक यादव होचो स्थान दक्षिणवारी टोलमैं भएको दाबी गर्छन् । "तपाईंले पनि पढ्नुभएको होला होचो स्थान धनुषाको मुसहरनिया भनेर । वडा नं २ त तत्कालीन मुखियापट्टी हो"–अशोकले भने ।

होचो स्थानका विषयमा चासो राख्दै आएका मधेस प्रदेशसभा सदस्य रामसरोज यादव, पहिले वडा नं १ मा होचो स्थानबारे चर्चा भए पनि पछिल्लो पटक नापजाँच हुँदा वडा नं २ को पुर्नी पोखरी भैरवबाबा मन्दिर छेउमा होचो स्थान भेटिएको बताउँछन् । उनी भन्छन्–"पहिले वडा नं नम्बर १ का केही स्थान र सुदखोलामा पनि नापी भएको थियो तर खोला, दशगजा छेउमा नापेर त काम भएन । पछि यता नाप्दा वडा नं १ को भन्दा होचो देखियो । सोही अनुसार हामीले वडा नं २ मा होचो स्थान दाबी गरेर केही संरचना पनि बनाउन खोज्दैछौं ।"

वडा नं २ का अध्यक्ष नरेशप्रसाद यादवको पनि आफ्नै दाबी छ । "होचो स्थान वडा नं २ को पुर्नी पोखरी छेउमा हो । नापीका क्रममा पनि यो भनिएको हो । त्यही अनुसार यहाँ दृश्यावलोकन स्तम्भलगायत संरचना बनाउने कुरा पनि



भएकै हो ।" दुवै वडाका स्थानीयवासी आआफ्नै ठाउँमा होचो स्थान भनेर दाबी रहेका छन् ।

नापी विभाग खगोल तथा भूमापन महाशाखाका उपनिर्देशक अमीरप्रसाद न्यौपाने भन्छन्–"पहिले झापाको केचनाकवल र अहिले धनुषाको मुसहरनिया होचो स्थान भनिंदै छ । सरकारले कहिल्यै आधिकारिक घोषणा गरेको र गर्ने योजना पनि छैन । स्थानीयले दाबी गरिरहेको विषयमा केही भन्नु छैन ।"

होचो स्थानका विषयमा स्थानीयस्तरमा फकरफरक ठाउँमा दाबी रहे पनि यहाँका नागरिकहरूको पीडा वर्षौंदेखि सम्बोधन हुन सकेको छैन । यी दुवै टोल जमुनी, सिमरा र बिगिही नदी छेउमा रहेकाले बर्सेनि नदी कटानको समस्याबाट स्थानीयवासी पीडित छन् । "होचो ठाउँ जहाँ भए पनि हामीले लाभ त केही पाइरहेका छैनौं बरु पीडामाथि पीडा छ । वर्षायाममा चारैतर्फ चार/पाँच फिट पानी भरिन्छ, ज्यान जोखिममा पर्छ"–स्थानीय ८० वर्षीय रामवृक्ष यादवले पीडा सुनाए ।

स्थानीय ज्येष्ठ नागरिक ७० वर्षीय रामाशिष रायले वर्षायाममा डुबानले मान्छे, घर तथा घरभित्र जोहो गरेका सामान जोखाउन मुश्किल हुने गरेको बताए । अर्का स्थानीय पुरन यादव, सञ्जीव यादवलगायतले नेपालको नक्शा हेरेर पनि मुखियापट्टी मुसहरनियाको दुर्दशा अनुमान गर्न सकिने बताए ।

वडा नं २ का अध्यक्ष नरेशप्रसाद पनि स्थानीय स्रोतसाधनले नभ्याउने र स्रोतसाधन भएको प्रदेश तथा केन्द्र सरकारले यहाँका जनतालाई जोगाउने गरी योजना अगाडि सार्न नसकेको बताउँछन् । तीनैतिर रहेका ठूला नदी छेउमा भारतीय पक्षले ठूला बाँध र सडक बनाएको छ । वर्षामा यहाँ डुबानको समस्या छ । खेतीयोग्य जमीन समाप्त हुने अवस्थामा छ । मानवबस्ती बर्सेनि ज्यान हत्केलामा राखेर बस्नुपरेको उनको भनाइ छ ।

प्रदेशसभा सदस्य रामसरोज यादवले यो गाउँपालिका नेपालकै पानी निकास हुने ठाउँ भएकोले यहाँको विशेषता र संवेदनशीलता दुवै हेरेर सरकारले नदी रोकथाम र विकासका काम अगाडि बढाउनुपर्ने बताउँछन् । वर्षात्मा यहाँ जलमग्न भएको तलाउभन्दा अरू केही देखिंदैन भने अरू बेला पानी नभएर सुख्खा जमीन मात्रै देखिन्छ । पर्यटकीय गतिविधिबाटै स्थानीयको जीविकोपार्जनमा सहयोग पुग्ने भएकोले यसतर्फ ध्यान सरकारले दिनुपर्ने उनको भनाइ छ ।

धनुषाको निर्वाचन क्षेत्र नं ३ बाट निर्वाचित सांसद जुलीकुमारी महतोले मुखियापट्टी मुसहरनिया गाउँपालिका–१ र २ का वासिन्दालाई डुबानको समस्याबाट मुक्त गर्न जमुनी र बिगिही नदी नियन्त्रणका लागि बजेट छुट्याउन आफूले पटकपटक सरकारको ध्यानाकर्षण गराएको बताउँछिन् ।

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि

काठमाडौं, २८ जेठ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज उच्च अङ्कले वृद्धि भएको छ ।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ४०.४८ अङ्कले उकालो लागेर १९८०.०९ मा पुगेको छ । यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ६.१० अङ्कले उकालो लागेर ३७०.५२ अङ्कमा पुगेको छ ।

कारोबार भएका कुल १३ वटै उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ । नेप्सेका अनुसार कुल ९५ लाख २८ हजार दुई सय ५५ कित्ता शेयर रु तीन अर्ब ४५ करोड ४३ लाख ४४ हजार पाँच सय ६३ मूल्यमा कारोबार भएको छ । आइतवारको कारोबारपछि बजार पूँजीकरण रु २८ खर्ब ९३ अर्ब ५१ करोड ८३ लाख ६० हजार छ सय ९१ बराबर पुगेको छ ।

कारोबारका आधारमा नागरिक लगानी कोष शीर्ष स्थानमा छ । सो कम्पनीको रु एघार करोड ४७ लाख २४ हजार पाँच सय १८ बराबरको कारोबार भएको छ । यस्तै शिवम् सिमेन्ट रु १० करोड ८७ लाख ७५ हजार पाँच सय १५, आइजीआई प्रुडेन्सियल इनस्योरेन्स रु १० करोड ६८ लाख ५० हजार छ सय ३१, नेपाल दूरसञ्चार कम्पनी र आठ करोड १२ लाख ६४ हजार नौ सय ५४ र नेपाल पुनर्बीमा

(बाँकी पाँचौं पातामा)

# दाइजोलाई लिएर दुई महिलाको हत्या

–शंखर पहाडी

सर्लाही, २८ जेठ/रासस

दाइजोलाई लिएर यहाँका दुई छुट्टाछुट्टै घटनामा दुई महिलाको हत्या भएको छ । सर्लाही हरिपुर नगरपालिका–३ स्थित फरहदवा र वडा नं ६ स्थित लक्ष्मीपुरमा दुई महिलाको हत्या भएको हो ।

वडा नं ३ स्थित फरहदवाका अब्दुल शाह फकीरले अन्दाजी २३ वर्षीया पत्नी ईदा खातुनको हत्या गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए ।

सुवेदीका अनुसार अब्दुलले पत्नीलाई माइतबाट रु एक लाख नल्याएको भन्दै पटक–पटक मानसिक तथा शारीरिक यातना दिने गरेका थिए । यातनापछि ईदा माइत गएको तर छलफलपछि केही समय अगाडि घर फर्केको स्थानीय इनदी मन्सुरले बताए ।

ईदाका बुबा मन्सुर शाह फकीरले अब्दुल र उनका परिवारले ईदालाई पटक–पटक शारीरिक र मानसिक यातना दिने गरेको आरोप लगाए । "ईदाका पाँच वर्षे छोरा कमलेनले भनेपछि मात्रै हत्या भएको थाहा भयो, शव हेर्न जाँदा ईदाको शरीरभरि माटो लागेको र मुखमा कपडा कोचिएको थियो"–बुबा शाहले भने । कुटपिटपछि मृत्यु भएकी ईदालाई झुन्ड्याइएको थियो ।

घटनामा संलग्न भएको आरोपमा प्रहरीले दुईजनालाई नियन्त्रणमा लिएको छ । ईदाको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल सर्लाहीमा राखिएको प्रहरीको भनाइ छ ।

साथै वडा नं ६ स्थित लक्ष्मीपुरमा जल्दै गरेको अवस्थामा एकजनाको शव प्रहरीले नियन्त्रणमा लिएको छ । सोही स्थानमा बस्ने अन्दाजी ४५ वर्षीय इन्द्रकलादेवी साहलाई पति राजाराम साहले कुटपिट गरी घाइते बनाएपछि मृत्यु भएको प्रहरीको भनाइ छ । दाइजोको विषयमा विवाद हुँदा पतिले कुटपिट गर्दा घाइते भएकी इन्द्रकलालाई उपचार नगरी घरमैं राखिएको र केही समयपछि मृत्यु भएको थियो ।

इन्द्रकलादेवीको शवलाई लखन्देही नदीमा दाहसंस्कार गर्न लागिएको खबर पाएपछि शवलाई जल्दै गरेको अवस्थामा नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपेन्द्र पञ्जियारले जानकारी दिए ।

"लालबन्दी र हरिवनको सिमानामा रहेको लखन्देही नदीमा जल्दै गरेको चिताबाट शव नियन्त्रणमा लिई पोस्टमोर्टमका लागि प्रादेशिक अस्पताल सर्लाही पठाइएको छ"–पञ्जियारले बताए । इन्द्रकलादेवीका पति राजाराम घटना भएकै दिनदेखि फरार छन् । कानूनी प्रक्रिया पूरा नगरी शव जलाउन सहयोग गर्ने छजनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# शहर सफा बनाउने इन्दौरको अनुभव

–रमेश लम्साल

काठमाडौं, २८ जेठ/रासस

शहरमा कहीं कतै पनि फोहर देख्न पाइँदैन । धूलो त परको कुरा । मुख्य चोकदेखि साना गल्ली तथा चोकसमेत सफा र चिटिक्क । जतातत्तै रूख रोपिएका छन् । त्यसमा नियमित पानी हालिन्छ ।




तस्वीरः एजेन्सी

फोहरका लागि मिलाएर राखिएका डस्टबिन छन् । शहरवासीले कुन प्रकारको फोहर हो, हेरेर त्यसैमा राख्छन् । कोही कसैले सार्वजनिक स्थानमा फोहर गर्दैन । मानिसमा चेतनाको विकास भएको छ, आफ्नो शहर, आफ्नो टोल र समुदायलाई कसरी स्वस्थ र हराभरा बनाउने भनेर स्थानीय सरकार पनि उत्तिकै प्रभावकारी छ । सबै प्रकारको सहयोग उपलब्ध गराएको छ, आफ्ना नागरिकलाई । प्रदेश सरकार र सङ्घीय सरकारले पनि त्यसमा आडभरोसा गरेको छ ।

धूलो, धूवाँ र फोहररहित शहर बनाउने कुरा आफैंमा सामान्य र चानचुने विषय होइन । तर गरे सम्भव हुँदोरहेछ । भागवत गीतामा भने जस्तै 'तिमी आँट म पुऱ्याउँछु ।' यहाँ भएको यस्तै छ । यो फोहर, दुर्गन्ध, धूवाँ तथा धूलोले आक्रान्त काठमाडौंको अवस्था होइन । यो त, ६८६ माइल अर्थात् १,१०४ किलोमिटर टाढा भारतको मध्यप्रदेशस्थित इन्दौर शहरको अवस्था हो ।

भारतको सबैभन्दा स्वच्छ र सफा शहरको नाम राखेको इन्दौरको सकारात्मक अनुभवलाई अन्यत्र पनि अनुकरण गर्न खोजिएको छ । भारत सरकारले त्यसको प्रचारप्रसार मात्रै गरेको छैन, अनुभव साटासाटसमेत गराएको छ । कुनै समय काठमाडौं उपत्यकाजस्तै फोहर इन्दौरले कसरी प्रगति गऱ्यो त ? आम मानिसमा चासो हुनु स्वाभाविक छ ।

काठमाडौं उपत्यकामा बेलाबखत फोहरको समस्या बल्झने गरेको छ । फोहर व्यवस्थापन कसरी गर्ने भन्नेबारे सङ्घीय सरकार र स्थानीय सरकारको टाउको दुःखाइको विषयसमेत बन्ने गरेको छ । जहाँ समस्या त्यहाँ समाधान । जहाँ फोहर त्यहाँ मोहोर भन्ने नारालाई वास्तवमैं आत्मसात् गरेको इन्दौरको सफल अभ्यास नेपालका लागि पनि सफल उदाहरण बन्न सक्छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले यही जेठ १७ गतेदेखि २० गतेसम्म गरेका औपचारिक भारत भ्रमणका क्रममा इन्दौर र उज्जैनको समेत भ्रमणको कार्यक्रम थियो । बर्सेनि लाखौं पर्यटक भित्र्याउन सफल ती दुई शहरको आआफ्नै विशेषता र महत्त्व छ । एकातिर धार्मिक पर्यटन, अर्कोतर्फ सूचना प्रविधि र औद्योगिक विकासमा फडको मात्रै गएको इन्दौरले राखेको स्वच्छ भारत अभियानको नामले सुनमा सुगन्ध थपे जस्तै भएको छ ।

फोहरलाई मोहर अनि त्यसैलाई पुनः प्रयोगको सफल उदाहरण बनेको छ इन्दौर । यस पछाडिको रहस्य के होला ? भ्रमणका क्रममा नेपालका प्रधानमन्त्री प्रचण्ड र भ्रमण दलमा सहभागी प्रतिनिधिमण्डलले पनि जान्ने कोशिश गरे । यहाँ फोहर उत्पादनको स्रोत, घरमा नै फोहरलाई विभिन्न छ भागमा विभक्त गरिन्छ । हरेक दिन इन्दौर नगर निगमको सवारी साधनले फोहोर सङ्कलन गर्छन् । सवारी साधनमैं कुहिने, नकुहिने, प्लास्टिक, औषधिजन्य फोहर सङ्कलन गर्ने व्यवस्था गरिएको छ । इन्दौर शहरको ८५ वडामा पाँच सयभन्दा बढी फोहर सङ्कलन गर्ने सवारीसाधन पुग्छन् र सङ्कलन गर्छन् । मासु तथा माछा पसलबाट निस्कने फोहर सङ्कलनका लागि छुट्टै सवारीसाधनको व्यवस्था गरिएको छ ।

सङ्कलित फोहरलाई पहिलो चरणको व्यवस्थानका लागि १० वटा ट्रान्सफर सेन्टर स्थापना गरिएको छ । ती केन्द्रलाई स्वचालित बनाइएको छ । त्यहाँ जैविक फोहरलाई विकेन्द्रित गरिन्छ । नगर निगमले फोहर व्यवस्थापनका लागि छुट्टै कानून बनाएको छ । होटल, अस्पताल तथा धेरै फोहर उत्सर्जन गर्ने स्थानमा नै फोहर व्यवस्थापनका लागि निगमले विशेष व्यवस्था गरिदिएको छ । शहरको सबैभन्दा ठूलो तरकारी बजारमा बायोग्याँस उत्पादनका लागि प्लान्ट स्थापना गरिएको छ । तरकारी बजारबाट दैनिक निस्कने २० देखि २५ टन फोहर त्यहीं व्यवस्थापन गरिन्छ । प्लान्टले दैनिक निस्कने एक हजार किलो बराबर बायोग्याँस इन्दौर नगर निगमले सञ्चालन गर्ने शहरी बसमा प्रयोग गरिन्छ । त्यसबाट बाँकी रहने अवशेषलाई जैविक मलका रूपमा प्रयोग गरिन्छ । यसले एकातिर इन्धन खरीदका लागि जाने ठूलो रकम बचेको छ भने अर्कोतर्फ कृषि उत्पादनमा वृद्धि भएको छ ।

शहरका रूख तथा बिरुवाको पातलाई समेत मल बनाइएको छ । ती मल नगर निगमले रोपेका ती बिरुवा वा रूखमा नै प्रयोग गरिन्छ । शहरभित्र कपाल काट्ने पसलबाट निस्कने कपाल व्यवस्थापनका लागि छुट्टै संयन्त्र बनाइएको छ । स्थानीय नेहरू पार्क र इन्दौर चिडियाखानाबाट निस्कने फोहर व्यवस्थापनका लागि 'अर्गानिक बेस्ट कन्भटर मेशिन' राखिएको छ । त्यसबाट दैनिक निस्कने फोहर व्यवस्थापन गरेर जैविक मल बनाइन्छ । प्लास्टिकजन्य फोहर व्यवस्थापनका लागि प्लास्टिक क्रसिङ मेशिन राखिएको छ । सार्वजनिक सवारीसाधनमा फोहोर फाल्नका लागि डस्टबिन राखिएको छ ।

दैनिक तीनदेखि चारपटकसम्म नगर निगमको विशेष वाहनले सडक बढार्ने व्यवस्था मिलाइएको छ । घरमा नै कुहिने फोहर व्यवस्थापन गरेर मल बनाउनका लागि प्रेरित गरिएको छ । त्यसबाट स्रोतमा नै कम फोहर उत्पादन हुन थालेको छ । यसलाई शहरभर नै अभियानका रूपमा अगाडि बढाइएको छ । प्लास्टिक तथा नकुहिने फोहर नगर निगमले नै व्यवस्था गरेका व्यवसायी घरघर पुगेर खरीद गर्ने व्यवस्था गरिएको छ ।

वर्षौंदेखि शहरको सार्वजनिक स्थानमा थुप्रिएको १२ लाख टन बढी फोहरलाई बायोरेमिडिशन प्रक्रियाबाट मल बनाइएको छ । त्यसबाट शहरमा नयाँ पार्क निर्माण गरी हरियाली प्रवर्द्धन गरिएको छ । बाँकी रहेका प्लास्टिकजन्य वा अन्य फोहरको पनि विशेष तवरले व्यवस्थापन गरिएको छ । फोहरमा फालिएका तर पुनःप्रयोग गर्न सकिने फोहरका लागि छुट्टै प्रबन्ध गरिएको छ । ती फोहर सिमेन्ट प्लान्ट वा प्लास्टिकजन्य सामग्री निर्माणका लागि उपयोग गरिन्छ । सो कार्यका लागि विशेष सुविधासहितको रोजगार पनि दिइएको छ ।

दैनिक सङ्कलन हुने छ सय टन बढी फोहर विशेष फोहर प्रशोधन केन्द्रमा लगिन्छ । त्यसलाई २८ दिनको विशेष प्रक्रियाबाट ८० टन बराबर मल उत्पादन गरिन्छ । सो मल प्रतिकिलो खुला दुई रुपियाँ र प्याकिङ तीन रुपियाँ भारुमा बिक्री हुन्छ । उक्त मल स्थानीय किसानले खरीद गरेर लैजान्छन् भने बाँकी रहने फोहर स्थानीय पार्क तथा बिरुवाका लागि प्रयोग गरिन्छ । घर तथा आवास पुनःनिर्माणबाट निस्कने फोहर व्यवस्थापनका लागि छुट्टै प्रशोधन प्लान्ट स्थापना गरिएको छ । त्यसबाट इँटा वा सडकमा बिछ्याउने ब्लक निर्माण गरिन्छ । सो सामग्रीसमेत नगर निगमले आफ्नै नवनिर्माणमा प्रयोग गर्ने गरेको छ ।

खासमा केही वर्ष पहिलेसम्म इन्दौर यति स्वच्छ र सफा होला भन्ने धेरैलाई लागेको थिएन, तर अहिले वास्तविकतामा परिणत भएको छ । उनीहरू भन्छन्– खासमा यो त शुरूआत मात्रै हो, लामो यात्रा अझै बाँकी छ । स्वचछता अभियानमा सन् २०१७ मा इन्दौर पहिलोपटक पहिलो नम्बर आउन सफल भएको छ ।

शहरलाई स्वच्छ बनाउनका लागि आम नगरवासीले सङ्कल्प नै गरेका छन् । त्यसलाई व्यवहारकमा उतारेका छन् । शुरूआती चरणमा शहर सफाइका लागि रेडियो, टेलिभिजन पत्रपत्रिका, बालपेन्टिङ गरेर जनचेतना जगाइयो । फोहर सङ्कलनका लागि गुड्ने सवारीसाधनमा जिपिएस जडान गरिएको छ । यस्तै ५० माइक्रोनभन्दा कम प्यास्टिक प्रयोगमा प्रतिबन्ध लगाइएको छ ।

निगमका प्रमुख कार्यकारी अधिकृत हर्षिका सिंहका अनुसार इन्दौरले वातावरण संरक्षण र फोहर व्यवस्थापन गरेर मात्रै 'कार्बन क्रेडिट बिक्री गरेर' झन्डै रु १० करोड आम्दानी गरेको छ । शहरमा बिजुली खर्च बचाउन सौर्य प्रणाली जडान गरिएको छ । त्यसका लागि 'ग्रीन बण्ड' बिक्री गरेर स्रोत सङ्कलन गरिएको थियो । त्यसबाट ६० मेगावाट क्षमताको सौर्य प्रणाली जडान गरिएको छ । उक्त बण्डलाई धर्ती बचाउने महाअभियानको नाम दिइएको थियो ।

भ्रमणका क्रममा प्रधानमन्त्री प्रचण्डले फोहर व्यवस्थापन केन्द्र, बायोग्याँस उत्पादन स्थल, फोहरको पुनः प्रयोग वा व्यवस्थापन केन्द्रलगायत स्थानको अवलोकन गरेका थिए । ती स्थानको अवलोकनपछि प्रधानमन्त्री प्रचण्डले इन्दौरको सफल अभ्यास नेपालका लागि समेत अनुकरणीय रहेको बताएका थिए । उनले नेपाल सरकारको तर्फबाट विशेष टोली नै बनाएर इन्दौरको फोहर व्यवस्थापनबारे जानकारी लिन पठाउने बताएका थिए ।

काठमाडौं उपत्यका र शहरी क्षेत्रको फोहर व्यवस्थापन गर्न नसकेर समस्यामा परेको सरकार र सरकारका कार्यकारी प्रमुखले नै त्यसमा विशेष चासो लिएर यहाँ प्रयोग गर्ने सङ्कल्प गरेका छन् । विशेषतः काठमाडौं उपत्यकाका लागि यो तत्काल गरिहाल्नुपर्ने कामका रूपमा रहेको छ । त्यसका लागि आजैदेखि पहल थाल्नु जरूरी छ । केही वर्ष पहिले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले शुरू गरेको 'स्वच्छ भारत अभियान' को सफल अभ्यास इन्दौरबाट सिक्दा केही फरक पर्दैन । त्यसका लागि जागरुकता र प्रतिबद्धता भएमा फोहरमाडौ बनेको काठमाडौं उपत्यका पनि इन्दौरजस्तै सफा र स्वच्छ हुन सक्छ ।



**पानीको हाहाकारः** सङ्खुवासभाको खांदबारी नगरपालिकाले स्थानीयको घरको धारामा पानी नआएपछि दमकलबाट पानी वितरण गर्दै । तस्वीरः रासस

## फरक समाचार

### टेलिभिजनको अस्तित्व सङ्कटमा

सोमवार राति एप्पलले आफ्नो एनुअल वर्ल्डवाइड डेभलपर्स कन्फ्रेन्समा भिजन प्रो हेडसेट लन्च गरेको थियो । यसले स्पेशल कम्प्युटर डिजिटल कन्टेन्टलाई



फिजिकल वर्ल्डको साथ कम्बाइन गर्छ । लन्च हुनेबित्तिकै यस उत्पादनले विज्ञान तथा प्रविधिमा सनसनी मचाएको छ । महिन्द्रा ग्रुपका चेयरमैन आनन्द महिन्द्राले प्रतिक्रिया दिएका छन्– भविष्यमा टेलिभिजनको अस्तित्वमाथि एउटा महत्त्वपूर्ण प्रश्न उब्जिएको छ । उनले ट्वीट गरेका छन् यो अब ठूलो स्क्रिन भएको टिभी डिस्प्ले समाप्त हुने सङ्केत हो । सैमसङ्ग र सोनीको बोर्डरूममा यसको जवाफका लागि के तयारी भइरहेको छ ?

एप्पलको नयाँ मिक्स्ड रियलिटी हेडसेट हो भिजन–प्रो । यसको बिक्री आगामी वर्षदेखि अमेरिकामा शुरू हुँदैछ । यो आफैंमा एउटा मिनी कम्प्युटर हो । यसको आफ्नै सफ्टवेयर र प्रोसेसर हुन्छ । यसमा आवाजको पनि व्यवस्था छ । यो आँखामा लगाउने एउटा डिभाइस हो, जसमा थुप्रै क्यामरा र सेन्सर लगाइएको छ ।

यसलाई चश्मासरह लगाएर डिजिटल संसारमा रमाउन सकिन्छ । काम गर्दागर्दै फिल्म हेर्न, भिडियो गेम खेल्न सकिन्छ, भिडियोमा कुराकानी गर्न सकिन्छ, बालबालिकालाई खेलाउन सकिन्छ । यो डिभाइसलाई नियन्त्रण गर्न रिमोट चाहिंदैन आँखाको इशाराबाट वा औंलाले हावामा टेप गरेर नै डिजिटल सामग्रीलाई अपरेट गर्न सकिन्छ ।

प्रो भिजनमा पावरफुल एमटु चिप लगाइएको छ । साथै यसमा एमटु बेस्ट एउटा आरवन चिप पनि छ । यसमा १२ वटा क्यामरा, ५ वटा सेन्टर र ६ वटा माइक्रोफोन छ । यसको मूल्य ३,४९९ डलर राखिएको छ ।

### के हो स्लिप डिभोर्स

आजको समयमा राम्रो निद्राको लागि धेरैजनाले सङ्घर्ष गरिरहेका छन् । कार्यालय, घर, बालबालिका र थुप्रै जिम्मेवारी र चिन्ताको कारण मानिसहरू राम्ररी निदाउन सकेका छैनन् । यसको एउटा उपाय छ– स्लिप डिभोर्स ।



स्लिप डिभोर्स भनेको राम्रो र गुणस्तरीय निद्राको लागि जब दम्पती अलग–अलग कोठा वा ओछ्यानमा भिन्दाभिन्दै समयमा सुत्छन् । यसको समय अन्तराल भनेको लामो समयसम्म वा छोटो समय पनि हुन सक्छ । जस्तै पतिलाई कार्यालयको काम अबेर रातिसम्म गर्नुपर्दा पत्नी छुट्टै भिन्दै स्थानमा सुत्छन् भने पति काम सम्पन्न गरेर अलग्गै कोठा वा ओछ्यानमा राम्रो निद्राको लागि सुत्छन् । यस्तो गर्दा निद्रा नपुगेको व्यक्ति एकान्तमा एक्लै सुत्दा राम्रो निद्रा पाउन सक्छ ।

भिन्दाभिन्दै कोठा वा ओछ्यानमा सुतेर दम्पतीबीच सम्बन्ध बिग्रँदैन । उनीहरू राम्रो निद्राको लागि ओछ्यानमा केही समय साथ बिताउँदैनन् । अर्थात् निद्राको लागि दम्पतीले एकअर्कालाई हस्तक्षेप गर्दैनन् । यदि तपाईं छ घण्टाभन्दा कम समयको निद्रा लिनुभइरहेको छ भने बिस्तारै–बिस्तारै विभिन्न रोगको खतरा बढ्छ जस्तै मधुमेह, उच्च रक्तचाप, हृदयघात र स्ट्रोक । यस्ता रोगबाट बच्न समयमैं सुत्नुपर्छ ।

### के हो बाथ साल्ट

बाथ साल्ट एक प्रकारको नुन हुन्छ, जुन क्रिस्टलजस्तो देखिन्छ । बाथ साल्ट साधारणतया मैग्निशियम सल्फेट (एप्सम साल्ट) वा समुद्री नुनबाट बनाइएको हुन्छ । यसलाई नुहाउने पानीमा मिसाएर प्रयोग गरिन्छ जसबाट तनाव कम गर्छ, दुःखाइ हटाउँछ र छाला सम्बन्धी रोगबाट मुक्त गर्छ ।



बाथटबमा मनतातो पानी राखेर त्यसमा दुई कप बाथ साल्ट मिसाएर १०–१२ मिनेट छाड्ने र नुन राम्ररी पानीमा मिसिएपछि टबमा लेभेन्टर वा पेपरमिन्ट तेल मिसाएर बाथटबमा स्नान गर्नुपर्छ ।

शावर बाल्टिनबाट नुहाउनको लागि पनि बाथ साल्टको स्क्रब बनाएर प्रयोग गर्नुपर्छ । यसको लागि एक कप समुद्री नुन वा एप्सम नुन, एकतिहाई कप बदामको तेल, जैतुनको तेल वा नरियलको तेल र एक चम्चा भिटामिन ईको तेल राखेर यसको गाढा स्क्रब नाउनुपर्छ र शरीरमा मलेर दुई मिनेटपछि नुहाउनुपर्छ ।

बाथ साल्टले नुहाउँदा चिन्ता, थकान, तनाव, मांसपेशीमा ऐंठन, अर्थराइटिस र जोर्नी दुखेको शान्त गर्छ र राम्रो निद्रा लगाउँछ ।

त्यस्तै छालाको मृत कोशिका हटाउनुको साथै सुक्खा छाला र एक्जिमा जस्तो समस्या हटाउँछ । छालालाई कोमल बनाउनुको साथै कुनै कीराले टोकेको छ भने त्यसमा पनि लाभ पुऱ्याउँछ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## इजरायलमा ५० देशका १२० यहूदी नेता सहभागी



तस्वीरः एजेन्सी

तेल अबिब, २८ जेठ/एएनआई/टिपिएस

इजरायलको विदेश मन्त्रालयले बुधवार विश्व यहूदी काङ्ग्रेसको प्रतिनिधिमण्डलको आयोजना गरेको छ। इजरायलको ७५ औं वार्षिकोत्सव मनाउन आएका विभिन्न ५० देशका १२० भन्दा बढी यहूदी नेताहरूले सो सम्मेलनमा भाग लिएका छन्।

यस 'बृहत् प्रतिनिधिमण्डल' को उद्देश्य "इजरायलका नागरिकहरूसँग समर्थन र ऐक्यबद्धता देखाउनुका साथै हामीबीच साझारूपमा देखिएका विभिन्न मुद्दाहरूमा वार्तालापलाई बढावा दिनु हो"– परराष्ट्र मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

विश्व यहूदी काङ्ग्रेसका कार्यकारी निर्देशक अर्न्स्ट रोजेनबर्गले भने–"हामी यहाँ स्पष्ट सन्देश दिन आएका छौं, हाम्रा चुनौतीहरू साझा छन्, हाम्रा विचारहरू साझा छन्, हामी यहाँ ऐक्यबद्धता व्यक्त गर्न आएका हौं।"

परराष्ट्र मन्त्रालय र डायस्पोरा डिभिजनले यहूदी जनतासँग सम्बन्ध जोगाउन र सुदृढ गर्नका लागि जेरूसेलम र विश्वभरका सबै इजरायली दूतावासहरूबाट काम गरिरहने छ।

"हामी हाम्रो ७५ औं वार्षिकोत्सव सँगै मनाउन पाउँदा खुशी र कृतज्ञ छौं। देश र वार्ताका लागि प्रतिबद्ध छौं"– सहभागीहरूले भनेका छन्। रासस

## बेल्ट एन्ड रोड चलचित्र सप्ताह साङघाईमा शुरू

शाङ्घाई, २८ जेठ/सिन्हवा

पच्चीसौं साङ्घाई अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको एक भागको रूपमा बेल्ट एन्ड रोड चलचित्र सप्ताह शनिवार पूर्वी चीनको शाङ्घाई महानगरमा शुरू भएको छ।

यस वर्षको महोत्सवमा स्वदेश तथा विदेशका कुल २० वटा चलचित्र प्रदर्शन हुनेछन्। तीमध्ये चिनियाँ फिल्म 'अबसेन्स' र हङ्गेरी फिल्म 'सिक्स विक्स' सहित आठवटा चलचित्रले पुरस्कारका लागि प्रतिस्पर्धा गर्नेछन्।

"चलचित्र भनेको जीवन र सपनाको प्रदर्शन हो। मानिसहरू चलचित्रको माध्यमबाट गहिरो भावना आदानप्रदान गर्ने चाहना राख्छन्"– चिनियाँ अभिनेता लेई जियाइनले भनेका छन्। उनी यस वर्षको बेल्ट एन्ड रोड चलचित्र महोत्सवको प्रवर्द्धन दूत पनि हुन्।

"विश्वभरका चलचित्र निर्माताहरूले पनि 'बेल्ट एन्ड रोड' को इतिहास, वर्तमान र भविष्यलाई प्रदर्शन गर्न सक्ने थप उत्कृष्ट कार्यहरू सिर्जना गर्ने आशा राख्छन्"–लेईले भनेका छन्। यो वर्ष बेल्ट एन्ड रोड इनिसिएटिभको १० औं वार्षिकोत्सवका साथै बेल्ट एन्ड रोड फिल्म फेस्टिभल एलायन्सको ५ औं वार्षिकोत्सव मनाइँदै छ।

बेल्ट एन्ड रोड चलचित्र सप्ताह जून १८ सम्म चल्नेछ। स्क्रिनिङ सत्रहरूका अतिरिक्त शिखर सम्मेलन, अन्तर्क्रिया मञ्च र अन्य थुप्रै प्रतियोगिताहरू यसमा समावेश हुनेछन्। रासस

## भीषण वर्षा र चट्याङमा परेर अठ्ठाइसजनाको मृत्यु, एक सय चालीसभन्दा बढी घाइते

इस्लामाबाद, २८ जेठ/एएनआई

पाकिस्तानको खैबर पख्तुनख्वा र पञ्जाबका विभिन्न भागमा शनिवार परेको भारी वर्षा र चट्याङका कारण कम्तीमा २८ जनाको मृत्यु भएको छ भने १४० जनाभन्दा बढी घाइते भएका छन्। प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरणका अनुसार खैबर पख्तुनख्वा को बन्नु, डेरा इस्माइल खान, करक र लक्की मारवतमा वर्षाका कारण २५ जनाको मृत्यु भएको छ भने १४५ जना घाइते भएका छन्। बाढीका कारण ६९ घरमा आंशिक क्षति पुगेको पाकिस्तानी प्रसारण संस्था जियो न्यूजले जनाएको छ।

प्राधिकरणका अनुसार करकमा चार जनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन्। वर्षाका कारण डेरा इस्माइल खानमा एक बालकको मृत्यु भएको छ। अन्य दुईजना घाइते भएका छन्।

बाढी प्रभावित खैबर पख्तुनख्वाका सबै क्षेत्रमा खोजी तथा उद्धार कार्य जारी छ। पीडितहरूलाई राहत सामग्री उपलब्ध गराइएको तथा त्यो अहिले जारी रहेको उद्धारकर्मीले बताएका छन्। घाइतेहरूलाई अस्पताल पुऱ्याइएको छ। आँधीबेहरीसहित आएको भारी वर्षाले पञ्जाब प्रान्तका धेरै क्षेत्रमा भौतिक क्षति पुऱ्याएको छ। प्रान्तका सरगोधा, गुजराँवाला, फैसलाबाद बढी प्रभावित भएका छन्। रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | बेचैनी | वृष | मनोरञ्जन |
| मिथुन | कर्मप्राप्ति | कर्कट | राज्यभय |
| सिंह | रोगभय | कन्या | यात्रालाभ |
| तुला | शत्रुभय | वृश्चिक | चोरभय |
| धनु | उदरपीडा | मकर | विजय |
| कुम्भ | धनक्षति | मीन | भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## एमडिएमएस प्रभावकारी कार्यान्वयनमा नियामक र व्यवसायी एकमत

काठमाडौं, २८ जेठ/रासस

गैरकानुनी र अवैध रूपमा नेपाल भित्रिएर दर्ताबिनै चलिरहेका मोबाइल फोनको बिक्री वितरण रोक्न सरकारले जेठ १ गतेदेखि लागू गरेको 'मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टोम' (एमडिएमएस) प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि नियामक र व्यवसायी एकमत देखिएका छन्।

मोबाइल फोन इम्पोर्टस एशोसिएशन र नेपाल मोबाइल वितरक सङ्घले आइतवार काठमाडौंमा एमडिएमएस कार्यान्वयनसम्बन्धी अन्तर्क्रिया तथा पत्रकार सम्मेलन आयोजना गर्दै यो प्रणालीलाई कडाइका साथ लागू गरिनुपर्ने धारणा राखेका हुन्।

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरूषोत्तम खनालले नेपालमा मोबाइल सेटको अनधिकृत आयात र प्रयोगलाई रोक्न एमडिएमएस प्रणाली लागू गरिएको बताए।

यो प्रणालीले मोबाइल फोनको अवैध कारोबार तथा बिक्री वितरण रोकी राजश्व प्रणालीमा आबद्ध गराउने र यसले आपराधिक क्रियाकलाप न्यूनीकरणमा पनि सहयोग पुग्ने उनको भनाइ छ।

मोबाइल हराउँदा वा चोरी भएको अवस्थामा गोप्य र संवेदनशील व्यक्तिगत सूचनामा तेस्रो व्यक्तिको पहुँच रोक्नका लागि पनि यो प्रणाली प्रभावकारी हुने उनको भनाइ छ।

"मोबाइल हराउँदा वा चोरी हुँदा बैंक विवरणलगायत अन्य व्यक्तिगत सूचनाबारे गुनासो आउने गरेका थिए। एमडिएमएस प्रणालीबाट अब चोरीको फोन तत्काल ब्लक गर्न सकिने र संसारका जुनसुकै कुनामा नचल्ने बनाउन सकिन्छ।" उनले भने। चोरी भएका, हराएका, भन्सार नतिरेर ल्याइएका मोबाइल नियन्त्रणका लागि एमडिएमएस लागू गरिएको उनको भनाइ छ।

मोबाइल फोन इम्पोर्टर्स एशोसिएशन अध्यक्ष दीपक मल्होत्राले करिब रु १५ अर्ब बराबर भन्सार नतिरेका मोबाइल फोन अहिले अनधिकृत रूपमा बिक्री वितरण भइरहेको र यसबाट सरकारले वार्षिक तीनदेखि चार अर्ब बराबर राजस्व गुमाउँदै आएको बताए। यसरी भित्रिने फोनमध्ये केही चोरीकासमेत हुने गरेको र उपभोक्ताले अवैधानिक भनेर छुट्याउन नसक्दा वैधानिक सरह मूल्य तिर्दै आएको उनको भनाइ छ।


तस्वीरः फाइल

"अवैध रूपमा भित्रिएका मोबाइलका कारण सरकारले वार्षिक रु तीनदेखि चार अर्ब राजस्व गुमाइरहेको छ। यस्ता मोबाइल फोनको बिक्रीका कारण अपराध अनुसन्धानमा समस्या हुने र मर्मतसम्भारका लागि पाटपूर्जा नपाउने मात्र होइन वैध रूपमा व्यवसाय गरिरहेका व्यवसायीहरूसमेत पलायन हुनुपरेको छ।" उनले भने। एमडिएमएस लागू भएपछि मोबाइल फोनको मूल्य नबढ्ने पनि उनको दाबी छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख दानबहादुर कार्कीले अपराध अनुसन्धानमा मोबाइल फोन र सामाजिक सञ्जाल प्रयोगलाई गम्भीर रूपमा विश्लेषण गरिने भएकाले यो प्रणालीलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक रहेको बताए। कर नतिरेर अवैध रूपमा ल्याइएका मोबाइल फोनबारे अनुसन्धान गर्नु पनि प्रहरीको काम रहेको उनको भनाइ छ।

"भन्सार नतिरीकन कर छलेर मोबाइल ल्याउनु आफैंमा अपराध हो। यस्तो कर्मबाट नाफा कमाउन चाहँने व्यक्तिले उन्मुक्ति पाउन सक्दैनन्। ढिलोचाडो कानुनी दायरामा आउँछन्", कार्कीले भने, "अवैध मोबाइलको प्रयोगमार्फत हुने अपराधको अनुसन्धान पनि प्रहरी गर्छ।" बिलबिजक र प्याकेट बिनाका मोबाइल चोरीका हुने भएकाले त्यस्तो सामान उपभोक्ताले खरिद गर्न नहुने पनि उनको भनाइ छ। मासिक रूपमा दुईदेखि तीन सय वटा मोबाइल फोन हराएको गुनासो आउने र एमडिएमएस प्रणालीमा दर्ता नभएका मोबाइल सेट ट्र्याकिङ गर्न गाह्रो हुने उनले बताए।

सोही कार्यक्रममा भन्सार विभागका निर्देशक पूण्यविक्रम खड्काले एमडिएमएस प्रणाली लागू भएपछि त्यसबाट सरकारी राजस्वमा पनि वृद्धि हुने अपेक्षा गरिएको बताए। राजस्व अनुसन्धान विभाग निर्देशक विनोद लामिछानेले एमडिएमएस लागू हुँदा वैध व्यापार बढ्ने र व्यवसायी मात्र नभइ उपभोक्ताले पनि त्यसबाट लाभान्वित हुने बताए।

## बटुवालाई शर्बत–पानी वितरण



तस्वीरःसौजन्य

प्रस, वीरगंज, २८ जेठ/

वीरगंज पब्लिक कलेजले आइतवार घण्टाघरमा चार हजार बटुवालाई चीसो पानी–शर्बत वितरण गरेको छ। अत्यधिक गर्मी भएर जनजीवन प्रभावित भएपछि घण्टाघरमा शिविर आयोजना गरी विपिसीले बटुवाहरूलाई शर्बत–पानी खुवाएको अध्यक्ष सङ्कल्प शाक्यले बताए। बिहान १०–३ बजेसम्म विपिसी आइटी क्लबका अमन सिद्दिकी, बसरूद्दीन आलम, अनिष लुइँटेल, मेघा गुप्ता, अञ्जली सिंह, रिद्म बानिया क्षत्री, हिमानी शरण, अमिषा भट्टराई, पप्पु कुमार, रिजा खड्गी, विजय साह, आशुतोष यादवलगायतको सक्रियतामा शर्बत–पानी वितरण गरिएको थियो।

### सहायक प्रजिअ ....

त्रिपुरारीबीच लेनदेनको विषयमा विवाद भएको बताइन्छ। पूर्व अध्यक्ष चौरसियाले लेनदेनको विषय अदालतमा विचाराधीन अवस्थामा रहेको तर जिल्ला प्रशासनले सोही विषयमा बारम्बार बोलाएर टर्चर गर्दै आएको आरोप लगाए। सोही विषयमा आज जिप्रकाले बोलाएको र त्यहाँ गएपछि पुरानै कुरालाई लिएर त्रिपुरारीले टेढोटेढो कुरा गर्न थालेपछि आवेशमा आएर हातपात गरेको बताए।

दुवैबीच कार्यालयमा हातपात भएको र सो क्रममा सप्रजिअ पौडेलको कार्यकक्षमा रहेको एउटा टेबल पनि तोडफोड भएको बताइन्छ।

### ब्लोदान ....

सिंहले बताए।

यसैगरी बैठकले नवौं वार्षिक साधारणसभा साउन १३ गते शनिवार गर्ने निर्णय गरेको उनले बताए। बैठकमा रोशनी श्रेष्ठ, नीरज साह, मनोज साह, शिवजी गुप्ता, निशान्त लामिछाने, रामबाबू सिंह, धीरेन्द्र थापालगायतको सहभागिता थियो।

### नेप्से........

कम्पनीको रु सात करोड ९३ लाख १४ हजार बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार भूगोल इनर्जी र सिटी होटल लिमिटेडको शेयर मूल्यमा १० प्रतिशत बराबरको कारोबार भई सकारात्मक सर्किट लागेको छ। गुह्येश्वरी मर्चेन्ट बैंक ८.७०, रिलायन्स फाइनान्स ८.३६ र सिटिजन इनभेस्ट ट्रष्टका लगानीकर्ताले ८.३१ प्रतिशतले कमाएका छन्।

यस्तै ग्लोबल आइएमई ब्यालेन्स फन्ड पहिलो ३.८३, मेगा म्युचुअल फन्ड पहिलो २.५३, मनकामना स्मार्ट लघुवित्त २.५१, एनआइसी एशिया सेलेक्ट फन्ड २.४० र प्रभु स्मार्ट फन्डका लगानीकर्ताले १.९४ प्रतिशतले गुमाएका छन्।

### मनसुन....

भूभाग र मधेस प्रदेशका अधिकांश भूभागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ।

यसैगरी अधिकतम तापक्रम देशभर सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ५५ रहेको विभागले जनाएको छ। न्यूनतम तापक्रम केही स्थानमा सरदर र केही स्थानमा सरदरभन्दा बढी हुने सम्भावना छ। धेरैजसो भूभागमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ। यस्तै सुदूरपश्चिम प्रदेशको मध्य, कर्णाली प्रदेशको मध्यपश्चिमी, गण्डकी र बागमती प्रदेशको उत्तरी, लुम्बिनी प्रदेशको पूर्वी तथा पश्चिमी भूभाग र मधेस प्रदेशका पूर्वी भूभागमा सरदर हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ।

यस कार्यक्रमको प्रमुख उद्देश्य आगामी मनसुन समयको वर्षा तथा तापक्रमको ऋतुगत आकलनबारे जानकारी गराउनाका साथै छलफलमार्फत सरोकारवालाको आवश्यकता पहिचान गरी सोही अनुसार विभागको सेवा प्रवाह सुदृढीकरण, सरोकारवालालाई मौसम तथा जलवायु सूचनाबारे जानकारी गराई आआफ्नो क्षेत्रको आगामी योजना तर्जुमालगायत जलवायु सूचित निर्णय प्रक्रियामा सहयोग पुऱ्याउनुरहेको विभागको भनाइ छ।



वीरगंज महानगर-३ छपकैयास्थित मदर्सा बरकतउलम क्षेत्रमा खानेपानी लिन लामबद्ध स्थानीय । केही दिनदेखि पानीको सतह घटेर चापाकलमा पानी नआएपछि वीरगंजभरि खानेपानीको लागि टोलटोलमा यसैगरी लाम लाग्नुपर्ने अवस्था आएको छ । तस्वीरः नितेश कर्ण

# ठोरीमा पनि तालसहितको फनपार्क बन्ने

प्रस, वीरगंज, २८ जेठ/

ठोरी गाउँपालिका-४ मालीबस्ती ओरिया खोला नजीकै तालसहित चिल्ड्रेन फनपार्क निर्माण हुने भएको छ । मालीबस्तीस्थित माध्यमिक विद्यालय विजयबस्तीको जग्गा र केही स्थानीयवासीको जग्गा भाडामा लिएर सक्सेस ग्रुप अर्गानिक फर्म प्रालि काठमाडौंले तालसहितको फनपार्क बनाउन लागेको संस्थाका अध्यक्ष खगेन्द्र शिवाकोटीले बताए ।



तस्वीरः सौजन्य

तालसहितको चिल्ड्रेन पार्कमा सर्लाहीको भरतताल सरह स्तरीय बोटको व्यवस्था, होमस्टेसहित विभिन्न संरचना निर्माण गरी ठोरीमा आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धन गर्ने उद्देश्यले काम अगाडि बढाइएको छ । आइतवार सो स्थानमा सक्सेस ग्रुप अर्गानिक फर्मले विभिन्न संरचना निर्माण गर्न शिलान्यास गरेको छ ।

ठोरी गापा अध्यक्ष लालबहादुर श्रेष्ठ र सक्सेस ग्रुपका अध्यक्ष शिवाकोटीले विधिपूर्वक पूजा गरी शिलान्यास गरेका थिए ।

# ठोरी गापाको कार्यालय घ्याङडाँडामा रहने सर्वोच्चको आदेश

प्रस, वीरगंज, २८ जेठ/

ठोरी गाउँपालिकाको कार्यालय साबिक निर्मलबस्ती-६ हाल ठोरी गापा-४ घ्याङडाँडामा रहने सर्वोच्च अदालतले फैसला गरेको छ ।

ठोरी गापाको कार्यालय घ्याङडाँडामा राखिएपछि सोको विरोधमा ठोरी गापामा चरणबद्ध आन्दोलन भएको थियो । सुवर्णपुरवासीले गापा कार्यालय सुवर्णपुरमा हुनुपर्ने भनेर चरणबद्ध आन्दोलन गर्दै अदालतमा मुद्दा पनि दिएका थिए ।

साथै शान्तिमाया थिङसमेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंको नाममा उत्प्रेषण मुद्दा २०७५/११/६ मा दिइएको थियो । यो मुद्दामा अन्तरिम आदेश भएको थियो तर सर्वोच्चका न्यायाधीशद्वय प्रकाशकुमार ढुङ्गाना र डा मनोजकुमार शर्माको संयुक्त इजलासले आज रीट खारेज गरेको छ ।



तस्वीरः फाइल

यसैगरी, स्थानीय खड्गबहादुर श्रेष्ठसमेतले ठोरी गापाका तत्कालीन अध्यक्ष पद्मलाल श्रेष्ठ, शान्तिमाया थिङसमेतको नाममा अदालतको अवहेलना मुद्दा २०७६/३/४ मा रिट दिएकोमा न्यायाधीशद्वय ढुङ्गाना र शर्माको इजलासले आज मागदाबी नपुगेको भनी खारेज गरेको छ ।

अदालतको फैसलासँगै ठोरी गापाको कार्यालय घ्याङडाँडामैं रहने भएको छ ।

# मलाई काम र परिणाम चाहिन्छ -वडाध्यक्ष अग्रवाल

## एक वर्षमा हात पारे अढाइ करोडको योजना

प्रस, परवानीपुर, २८ जेठ/

वीरगंज महानगरपालिकाको क्षेत्रफलको हिसाबले दोस्रो सबैभन्दा सानो क्षेत्रफल भएको वडा हो- वडा नं. ६ । अलखियामठ-आदर्शनगर- माईस्थानको पूर्व र पश्चिम फैलिएको यो वडाको कुल जनसङ्ख्या आठ हजार तथा कुल मतदाता चार हजार छन् । वडाध्यक्ष हुन्- लोसपाबाट निर्वाचित जयप्रकाश शाह अग्रवाल ।

व्यापारिक पृष्ठभूमिका अग्रवाल यस अघि २०७४ सालको स्थानीय तह निर्वाचनमा स्वतन्त्रबाट २७५ भोटको हाराहारीमा मत ल्याएका थिए । काङ्ग्रेसी पृष्ठभूमिका अग्रवाल पार्टीबाट टिकट नपाएपछि त्यस बेला स्वतन्त्रबाट चुनाव लडे तर विजयी हुन सकेनन् । चार नम्बरमा समेटिए ।

२०७९ सालको स्थानीय तहको चुनावमा उनले अचानक लोसपाबाट टिकट पाए र चुनावमा होमिए । ९ सय हाराहारीमा मत प्राप्त गरी र तीन सयको मतान्तरले काङ्ग्रेसका उम्मेदवार दिना गुप्तालाई पराजित गरे । सो वडामा वडाध्यक्ष लोसपाबाट र चारजना वडा सदस्य काङ्ग्रेसबाट चुनाव जिते । तर अहिले पाँचजना जनप्रतिनिधिहरू विकासको मामिलामा एकमत देखिएका छन् ।

वीरगंज मनपाका नगरप्रमुख, उपप्रमुख, सडक डिभिजनलगायत विभिन्न निकायबाट कसरी बजेट तान्ने र काम गर्नेबारे सबै केन्द्रित रहेको वडाध्यक्ष अग्रवाल बताउँछन् । उनले पछिल्लो एक वर्षे कार्यकालमा अढाईदेखि पौने तीन करोडको बजेट हात पारेको बताए । नगरपालिकाको वार्षिक बजेटको सिलिङ अनुसार वडाले रु ५७ लाख मात्र बजेट पाएको थियो जसमध्ये साढे १२ लाखको लाठ गल्लीमा निर्माणाधीन सडक ढलान, महावीर गलीमा २० लाखको सडक ढलान, सात लाखको सोही गलीमा नाला र नाला छोप्ने प्लेट ढलान, पाँच लाखको खुद्रा योजनालगायत योजनाहरू वडास्तरबाट काम भएको चर्चा गर्दै महानगरको मेयरस्तरीय योजनाबाट पहिलो चरणमा ८० लाखको गहवामाई मन्दिर अगाडिको भागको सौन्दर्यीकरण एवं थप ३० लाखको मीनाबजार सडक स्तरोन्नति गर्ने योजना, गहवामाई मन्दिरभन्दा दक्षिण जाने भैरव-शीतलामाई मन्दिरदेखि त्रिभुवन स्कूलसम्म जाने सडक ५० एमएमको कालोपत्र गर्ने योजना पनि सञ्चालनमा रहेको उनले जानकारी गराए ।



वडा नं. ६ का अध्यक्ष जयप्रकाश शाह अग्रवाल । तस्वीरः प्रतीक

सडक डिभिजन कार्यालय, हेटौंडाको २५ लाखको बजेटमा उक्त काम भइरहेको पनि उनले जानकारी गराए ।

यसरी सरसर्ती हेर्दा वीरगंज महानगरपालिकाको अन्य वडाभन्दा बजेट हत्याउने र खर्च गर्ने वडाको रूपमा पनि वडा नं ६ अगाडि देखिन्छ । वडाध्यक्षको एउटै फर्मुला हो- विकास र काम चाहिन्छ । उनले भने- "काम जोसुकैले गरोस्, मलाई काम र परिणाम चाहिन्छ । वर्षौंदेखि जीर्ण भएको आदर्शनगर आसपासको सडकहरू ढलान र मरम्मतपछि चिटिक्क बन्दै गएका छन् । वडाबाट दिइने सेवा पनि चुस्त-दुरुस्त दिने गरेको पनि उनले दाबी गरे ।

बेलाबेलामा धार्मिक कार्यक्रमहरूमा सक्रिय अग्रवाल आगामी असार ५ गते गहवामाईको ११औं वार्षिकोत्सवको अवसरमा निकालिने रथयात्राको तयारीमा जुटेका छन् । उनले गहवामाई ट्रस्टको संयोजनमा भइरहेको रथयात्राको लागि वडा र वीरगंजवासीले सहयोग गरी यात्रा सफल बनाउन अपील गरे ।

# सहायक प्रजिअकै कक्षमा दुई ठेकेदार भिडे

प्रस, वीरगंज, २८ जेठ/

निर्माण व्यवसायी सङ्घ पर्साका पूर्वअध्यक्ष रमाकान्त चौरसिया र अर्का ठेकदार त्रिपुरारी प्रसादलाई प्रहरीले नियन्त्रणमा लिएर छाडेको छ ।

जिल्ला प्रशासन कार्यालय पर्साका सूचना अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलको कार्यकक्षमा पूर्व अध्यक्ष चौरसिया र ठेकदार आज छलफलको क्रममा पर स्पर हातपातमा उत्रनुका साथै कार्यालयमा तोडफोड गरेपछि दुवैलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । दुवैजनाले कार्यालयको फर्निचरसमेत तोडफोड गरेको प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकीले बताए । दुवैलाई पछि प्रहरीले छाडेको छ । पूर्वअध्यक्ष चौरसिया र

(बाँकी पाँचौं पातामा)

Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# पोखरिया अस्पताललाई ५० शय्याको बनाइने




तस्वीरः फाइल

प्रस, पोखरिया, २८ जेठ/

पोखरिया नगरपालिका-४ स्थित पोखरिया अस्पतालको स्तरोन्नति हुने भएको छ ।

मधेस सरकार मातहतको पोखरिया अस्पताललाई ५० शय्यामा स्तरोन्नति गरिने भएको हो । आगामी आव २०८०/८१ का लागि प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रममा पोखरिया अस्पताललाई स्तरोन्नति गरी ५० शय्याको बनाइने भएको छ ।

पोखरिया अस्पतालको स्तरोन्नतिका लागि प्रदेशसभा सदस्य एवं नेपाली काङ्ग्रेस, पर्साका सभापति जनार्दनसिंह क्षत्रीले पहल गरेपछि प्रदेश सरकारका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री वीरेन्द्र सिंहले सरकारको नीति तथा कार्यक्रममा पोखरिया अस्पतालको स्तरोन्नति गर्ने योजना समावेश गराएका हुन् ।

नीति तथा कार्यक्रममा पोखरिया अस्पतालसँगै सर्लाहीको बरहथवा अस्पताल, धनुषाको डुमरिया अस्पताल र सप्तरीको भारदह अस्पताललाई पनि ५० बेडमा स्तरोन्नति गरिने भएको छ ।

## सर्पदंश (सर्पको टोकाइ)बाट बच्न ...

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौ,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | भोलेन्टियर समूह, वीरगंज | आकस्मिक रक्तदान | मधुशाला रेस्टुरेन्ट | ७:०० |